मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३०३ ● २०८० साल भदौ २६ गते मंगलबार ● Tuesday 12, September 2023 ● सूर्योदय: बिहान ५:४९ बजे ● सूर्यास्त: साँझ ६:१३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जनयुद्धमा भन्दा सवारी दुर्घटनामा बढी नागरिकको मृत्यु

### ३१ हजारको ज्यान लियो, ७५ हजार अंगभंग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भदौ १७ गते बिहान साढे सात बजे काठमाडौंको पेप्सीकोलामा भएको दुर्घटना सामाजिक सञ्जालमा निकै भाइरल बन्यो । बा ३ ख ४८४८ नम्बरको बस जडिबुटीबाट पेप्सीकोलातिर आउँदै थियो । विपरीत दिशातिरबाट आइरहेको मोटरसाइकलले अचानक बाटो काट्यो । तीव्र गतिमा रहेको बसलाई चालकले नियन्त्रण राख्न सकेनन् । बा ६ च ५३४२ नम्बरको बोलेरो, बा.प्र.०२–०३७ प ५३११ नम्बरको स्कुटर र बा.प्र.०२–०४१ प ४८३८ नम्बरको मोटरसाइकललाई एकैसाथ ठक्कर दिँदै सडकमै पल्टिन पुग्यो । मोटरसाइकल र स्कुटरमा सवार १–१ जनाको मृत्यु भयो । त्यही दुर्घटनामा रामेछापका राजकुमार मगराती पनि घाइते भएका थिए ।
दुर्घटनालगत्तै उनी मदरल्यान्ड अस्पताल पेप्सीकोला पुर्‍याइए । अवस्था सामान्य भन्दै अस्पतालले त्यही दिन मध्याह्न १२ बजे डिस्चार्ज गरिदियो । अहिले दुखाइ बल्झिएर उनी बस्न, उठ्न र सुत्न नसक्ने भएका छन् ।
दुर्घटनामा उनीसँगै रामेछाप, मन्थलीकै अर्जुन रम्तेल पनि घाइते भएका थिए । राजकुमार र उनी एउटै ठेकेदारमार्फत् बिजुलीको तार टाँग्ने काम गर्छन् । राजकुमारझैं उनको पनि बेस्सरी कोखा दुख्न थालेको छ । 'घाइतेहरूलाई उपचार गर्न नै जटिल रहेछ । हामीले त कसलाई भन्नुपर्ने हो भनेर भेउ पाउन पनि सकेनौं ।
ठेकेदारसँग मागौं, उहाँको दोष होइन । बसका साहुसँग मागौं भने पनि अस्पतालले डिस्जार्च गरिदिइहाल्यो । काम गरेर खानुपर्ने मानिस कोठामै थलिएका छौं,' उनले पीडा सुनाए ।

### डेढ दशकमा ३१ हजारको दुर्घटनामा मृत्यु

शुक्रबार राति दाङबाट बर्दिया जाँदै गरेको ना ७ ख २३२१ नम्बरको बस दुर्घटनामा पर्‍यो । ७ जनाको मृत्यु भयो भने २८ जना घाइते भए । २ जनाको अवस्था चिन्ताजनक रहेको प्रहरीले बताएको छ । बर्दियाको बेतना सामुदायिक वन उपभोक्ता समितिमा आवद्ध उनीहरू तीर्थाटन गरेर फर्किंदै थिए । राति साढे ९ बजेतिर बाँकेको राप्तीसोनारी गाउँपालिका–८ शम्शेरगञ्जमा रोकिराखेको ना ८ ख ६४०५ ट्रकसँग ठोक्किएपछि ७ जनाको हताहती भयो । नेपालमा सवारी दुर्घटनाको आँकडा उकालो लागेको लाग्यै छ । नेपालमा सवारी दुर्घटनाबाट दिनमा सरदरमा ६ जना र वर्षमा औसतमा २ हजार बढीले ज्यान गुमाउने गरेको तथ्यांक छ । डेढ दशकअघि ५ हजार १७ सवारी दुर्घटना भएका अघिल्लो आर्थिक वर्ष आइपुग्दा झन्डै पाँच गुणाले बढेको छ । बढ्दो सवारी चापको अनुपातमा हेर्दा ठूलो आँकडा नलाग्न सक्छ । तर, यसले सिर्जना गरेको अवस्था भने भयावह छ । आर्थिक वर्ष २०६५/०६६ मा सवारी दुर्घटनाबाट १ हजार ३ सय ५६ जनाको ज्यान गएको थियो । अहिले त्यो तथ्यांक झन्डै दोब्बरले बढेको छ । अघिल्लो आर्थिक वर्षको साउन मसान्तसम्म सवारी दुर्घटनाबाट २ हजार ३ सय ६८ जनाले ज्यान गुमाएका छन् ।
यो तथ्यांक गएको आर्थिक वर्षको तुलनामा भने ५ सय १५ ले कमी हो । आर्थिक वर्ष २०७८/०७९ मा २ हजार ८ सय ८३ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएको तथ्यांक छ ।
त्यसो त आर्थिक वर्ष २०७१/०७२ देखि दुर्घटनाको ग्राफ निरन्तर उकालो लागेर आर्थिक वर्ष २०७६/०७७ मा केही कम भएको थियो ।
आर्थिक वर्ष २०७१/०७२ मा २ हजार ४, २०७२/०७३ मा २ हजार ६, २०७३/०७४ मा २ हजार ३ सय ८४, २०७४/०७५ मा २ हजार ५ सय ४१ जनाको सवारी दुर्घटनामा ज्यान गएको थियो ।
त्यस्तै, आर्थिक वर्ष २०७५/०७६ मा २ हजार ७ सय ८९ को ज्यान गएको थियो । आर्थिक वर्ष २०७६/०७७ मा भन २ हजार २ सय ५१ ज्यान जाँदा २०७७/०७८ मा पुनः २ सय ४९ ले बढेर २ हजार ५ सय पुगेको थियो । अहिलेसम्मको तथ्यांकलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०७८/०७९ मा धेरै अर्थात् २ हजार ८ सय ८३ जनाले ज्यान गुमाएका छन् ।
नेपाल प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०६५/०६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा ३ सय ७८ जना बढीले ज्यान गुमाएका थिए । आर्थिक वर्ष २०६६/६७ मा १ हजार ७ सय ३४ जनाले ज्यान गुमाएका थिए । त्यसपछिका आर्थिक वर्षमा भने वृद्धिदर त्यसरी उकालो लागेन । आर्थिक वर्ष २०६७/६८ मा १ हजार ६ सय ९८, २०६८/६९ मा १ हजार ८ सय ३७ रहेकामा आर्थिक वर्ष २०६९/०७० मा केही घट्यो । आर्थिक वर्ष २०६९/७० मा १ हजार ७ सय ८७ जनाको सवारी दुर्घटनामा ज्यान गुमेको थियो । यसरी डेढ दशकमा १ लाख ८५ हजार ४० सवारी दुर्घटना भई ३१ हजार ९ सय ४५ जनाको मृत्यु भएको छ ।

| आर्थिक वर्ष | मृत्यु संख्या |
|---|---|
| २०६५/०६६ | १ हजार ४ सय |
| २०६६/६७ | १ हजार ७ सय ३४ |
| २०६७/६८ | १ हजार ६ सय ९८ |
| २०६८/६९ | १ हजार ८ सय ३७ |
| २०६९/७० | १ हजार ७ सय ८७ |
| २०७१/०७२ | २ हजार ४ |
| २०७२/०७३ | २ हजार ६ |
| २०७३/०७४ | २ हजार ३ सय ८४ |
| २०७४/०७५ | २ हजार ५ सय ४१ |
| २०७५/०७६ | २ हजार ७ सय ८९ |
| २०७६/०७७ | २ हजार २ सय ५१ |
| २०७७/०७८ | २ हजार ५ सय |
| २०७८/०७९ | २ हजार ८ सय ८३ |

## प्रचण्डले भने, 'इँटको जवाफ पत्थरले दिनुपर्छ'



**मधेशदृष्टि**
**विराटनगर ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सामाजिक सञ्जालबाट पोखिने आक्रोस र असन्तुष्टीको शैलीलाई कडा शब्दमा विरोध गरेका छन् । सञ्जालमार्फत आउने चरम असन्तुष्टीलाई हावाहुरीको संज्ञा दिँदै प्रधानमन्त्री दाहालले स्पष्ट एजेन्डा लिएर संस्थागत रुपमा संघर्ष गरिरहेका राजनीतिक दलहरुको सामु असहनीय चुनौतिहरु मडारिएको बताए । सोमबार विराटनगरमा आयोजित समाजवादी मोर्चाको सन्देशसभालाई सम्बोधन गर्दै माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री दाहालले भने, 'सामाजिक सञ्जालमा विष वमन गर्ने अनि लोकतान्त्रिक पार्टीका नेतामाथि खुकुरी प्रहार गर्ने ?' यस्ता तत्व विरुद्ध कार्यकर्तालाई सशक्त रुपमा प्रतिकार गर्न निर्देशन दिँदै उनले भने, 'ईँटको जवाफ पत्थरले दिनुपर्छ ।' उनले भने, 'लाखौं जनतालाई सडकमा ल्याएर हामी जिउँदै छौँ भन्ने बनाउनुपर्‍यो । म राजनीतिक लडाइँमा छु । हतियारविहीन युद्धमा छु तपाईहरूले साथ दिनु पर्‍यो ।'
प्रधानमन्त्री प्रचण्डले आफु हतियारविहीन युद्धमा होमिएको भन्ने वक्तव्य दिनु अगाडी सोही सभालाई सम्बोधन क्रममा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष नेत्रविक्रम चन्द 'विप्लव' ले भनेका थिए, 'प्रधानमन्त्रीजीले सरकारबाट संघर्ष सुरु गर्नुपर्यो हामी सडकबाट साथ दिन तयार छौँ ।' सभाको सम्बोधन क्रममा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्रीप्रति आफु पूर्ण विश्वस्त रहेको उल्लेख गरे । 'प्रधानमन्त्री प्रचण्डको अगाडी चुनौतिको चाङ छ तर, अवसरहरु पनि थुप्रै छन्' यादवले भने, 'जे भएपनि उहाँ सक्नुहुन्छ । म प्रधानमन्त्रीप्रति एक प्रतिशत होइन एक हजार प्रतिशत विश्वस्त छु ।'
नेकपा एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपालले देशमा समाजवाद स्थापित गर्नका लागि समाजवादी मोर्चा निर्माण गरिएको उल्लेख गर्दै सरकार टिकाउनका लागि मोर्चा बनाइएको भन्ने नबुझ्न आग्रह गरे । उनले भने, 'गठबन्धन सरकारले राम्रो काम गरिरहेको छ । यस्ता कार्यक्रममा सरकारले गरेका राम्रा कामको लिष्ट बाँड्नुपर्छ । मोर्चाका कार्यकर्ताले गाउँ गाउँमा यो सन्देश पनि पुर्‍याउनु पर्छ ।'

## पानी सुक्ने डरले धारा जडानका लागि भिड

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा फेरि खानेपानीको चापाकल धारा सुक्ने त्रासले नगरवासी खानेपानी संस्थानमा धारा जडानका लागि पुग्ने गरेको भिड अझै रोकिएको छैन ।
वीरगंजमा यसपटक वर्षायाममा समेत पानीको भूमिगत स्रोत सुकेसँगै खानेपानी संस्थानसँग धारा जडानको माग गर्दै निवेदन दिने क्रम बढदै गएको छ । असार साउनमा पानी सुकेर हाहाकार भएको वीरगंजमा भदौ लागेसँगै वर्षा हुन थालेपछि चापाकलमा पानी आउन थालेको छ । भदौदेखि खानेपानीका धारामा पानी आए पनि फेरि धारा सुक्ने त्रासले वीरगंजका आमसर्वसाधारण खानेपानीका लागि संस्थानकै भर परेका छन् । वीरगंजमा जेठ असारमा महानगरका धेरै ठाउँका चापाकलमा पानी आउन छाडेको थियो ।
संस्थानको वीरगंज शाखामा चैत यता १ हजार ६ सय वटा नयाँ धारा जडानका निवेदन परेका छन् । १ हजार ३ सय ८० नयाँ धारा जडान भइसकेको छ । धमाधम नयाँ धारा बाँडेपछि अब आपूर्ति प्रणालीमा सुधारको आवश्यकता देखिएको छ ।
शाखाका सूचना अधिकृत सन्जीव कर्णका अनुसार जडान गर्न बाँकी धारामध्ये करिब एक सय निवेदन संस्थानको पाइपलाइन नै नभएका क्षेत्रका बासिन्दाबाट आएको छ ।
पाइपलाइन विस्तारका लागि बजेट अभावमा ती मागलाई तत्कालै सम्बोधन गर्न सक्ने अवस्था नभएको जनाइएको छ । असोजमा खानेपानी संस्थान वीरगंज शाखाको नयाँ बजेट आएपछि महानगरको कुन कुन क्षेत्रमा के कति पाइपलाइन बिस्तार गर्न सकिन्छ भन्ने टुंगो लगाउने संस्थानका प्रवक्ता कर्णले बताए । विगतमा वीरगंज महानगरमा खानेपानी संस्थानका ७ हजार २ सय ग्राहक रहेकामा अहिले बढेर १० हजार पुगेको छ । अहिले पनि शाखामा उपलब्ध करार तथा दैनिक ज्यालादारीका गरी २२ जना प्लम्बर वीरगंजमा दैनिक नयाँ धारा जडानको काममा खटिएको कर्णले बताए ।
खानेपानी संस्थानले अहिले पनि वीरगंजमा दैनिक ८ देखि १० वटा नयाँ धारा जडान गरिरहेको छ । संस्थानको पाइप गएका क्षेत्रबाट निवेदन आए तत्कालै धारा जडान गरिएको संस्थानले जनाएको छ । संस्थानको वीरगंज शाखाका अनुसार महानगरका लागि हाल ३ वटा ओभरहेड ट्यांकी र २ वटा प्रत्यक्ष लाइनसमेत गरी दैनिक २० देखि २२ लाख लिटर खानेपानी वितरणको क्षमता छ ।
जुन हालको मागभन्दा झण्डै दोब्बर रहेकाले नयाँ धारा जडान गर्न शाखालाई समस्या नभए पनि पाइपलाइन नै नपुगेका क्षेत्रमा तत्काल वितरणको योजना नभएको प्रवक्ता कर्णले बताए ।

## विपी सम्झेपछि अर्थमन्त्रीलाई निजगढको सम्झना

**मधेशदृष्टि**
**काठमाडौँ ।**
विपी कोइरालाको जन्मजयन्ती अवसरमा आयोजित कार्यक्रममा अर्थमन्त्री डा. प्रकाशशरण महतले निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई उच्च प्राथमिकता दिएर बनाउनुपर्ने बताएका छन् ।
११० औं विपी जयन्तीका अवसरमा नेपालमा आर्थिक क्रान्तिका आधारहरु विषयक गोष्ठीलाई सम्बोधन गर्दै उनले निजगढ विमानस्थल निर्माण कार्यमा ढिलाई भएको बताए । 'लुम्बिनी र पोखरा एयरपोर्ट भन्दा पहिला निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्नेमा प्राथमिकता यकिन गर्न नसक्दा काम सम्पन्न हुन नसकेको हो' अर्थमन्त्री महतले भने । 'हामीले पहिला लुम्बिनी र पोखरा एयरपोर्ट बनायौं,' उनले भने, 'सबैभन्दा पहिला हामीले निजगढ बनाउनु पर्दथ्यो । हाम्रो कतिपय प्राथमिकतालाई सही यकिन गर्न सकेका छैनौं ।' अबको ४ वर्षसम्ममा काठमाडौं–तराई द्रुतमार्ग बनिसक्ने र त्यही अवधिमा एयरपोर्ट पनि बनाइसक्ने उनले बताए ।
'फास्ट ट्र्याक भएपछि ४५ मिनेटमा काठमाडौं आउन सकिन्छ, त्यो एयरपोर्टलाई हामीले उच्च






प्राथमिकता दिनु नै पर्छ, ४ वर्षसम्म एयरपोर्ट बनाइसक्नेछौं', उनले भने ।
नेपालमा हाइड्रोपावर र पर्यटनको सम्भावना धेरै रहेको र त्यही क्षेत्रलाई आर्थिक उन्नतिसँग जोड्न पूर्वाधार विकासमा जोड दिनुपर्ने मन्त्री महतले बताए । धेरै पर्यटकीय गन्तव्य पूर्वाधारको अभावले पहिचान हुन नसकेको उनले बताए । मन्त्री महतले सबै मिलेर काम गर्ने हो भने नेपालमा आर्थिक क्रान्ति सम्भव रहेको पनि बताए ।

### प्रदीप र बाबुरामको तारिफ

अन्तरक्रियामा एमाले नेता प्रदीप ज्ञवाली र पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईले बीपीको परराष्ट्र नीतिलाई तारिफ गरे । भट्टराईले बीपीको प्रधानमन्त्री कालमा लिएको परराष्ट्रसम्बन्धी नीति असाध्यै दूरगामी भएको स्मरण गरे ।
'उहाँ प्रधानमन्त्री भएपछि भारत, चीनलगायत छिमेकी राष्ट्र र शत्तिराष्ट्रसँग जुन सम्बन्ध राख्नुभयो त्यो असाध्यै दूरगामी महत्वको छ । सीमा समस्या उहाँकै पालामा हल भयो । सगरमाथाको विवाद उहाँले नै हल गर्नुभयो । त्यतिबेला सबैभन्दा ठूलो शीतयुद्ध मडारिँदै थियो । त्यस्तै इजराइलसँग सम्बन्ध राख्ने कसैले पनि आँट गर्न नसक्ने अवस्थामा उहाँले सम्बन्ध विस्तार गर्नुभयो, त्यसकारण बिपीको अन्तर्राष्ट्रिय नीति सही थियो', भट्टराईले भने ।
एमाले नेता ज्ञवालीले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा बीपीले पुर्याएको योगदान अतुलनीय रहेको बताए । 'नेपालले १८१६ बेलायतसँग सम्बन्ध राखेपश्चात् एकसय ७ वर्षसम्म आइसोलेसनमा रह्यो । १९४७ मा अमेरिका र त्यसपछि स्वतन्त्र भएपछि भारतसँग सम्बन्ध राख्नुभयो', परराष्ट्र सम्बन्ध विस्तारमा बीपीको योगदनको चर्चा गर्दै उनले भने, 'एकदमै सीमितसँग नेपालको सम्बन्ध थियो । उहाँ सत्तामा आइसकेपछि मेजर 'ब्रेक थ्रु' गर्नुभयो । चीनसँगको सम्बन्ध नयाँ ढंगले अगाडि बढाउनुभयो ।'





**टोखामा तीनमन्त्रीः** काठमाडौँको टोखा छहरे सुरुङमार्ग निर्माण कार्य अघि बढाउन अर्थमन्त्री डा. प्रकाशशरण महत, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र वन तथा वातावरण मन्त्रालय डा. वीरेन्द्र महतो नुवाकोटको शिवपुरी–७ चापाबोटमा स्थलगत अवलोकन निरीक्षण गर्दै ।

*तस्बिरः हरिराम भेट्वाल*

# डोको बुनेरै बिते साइला चेपाङको ४५ वर्ष

**रासस**
**मलेखु ।**
धादिङको गजुरी गाउँपालिका–४ चौकीभञ्ज्याङका साइला चेपाङले डोको बुन्न थालेको ४५ वर्ष पुगेको छ । चोया काट्ने र डोको, भकारी, थुन्से, डालो बुन्ने दैनिकी अहिले पनि उस्तै छ । उनको घरको छानो भने अहिलेसम्म पनि फेरिएको छैन । आँगनको ढिलबाटै कच्ची सडक विस्तार भएर गाडी गुड्न थालेका छन् । गाउँमा खानेपानी र विद्युत्का क्षेत्रमा विकास हुँदैछ । डोको बेचेरै जीविकोपार्जन गरिरहेका चेपाङको खिया लागेका जस्ताको छानो फर्ने सपना भने अझै अधुरै छ । 'पहिला डोको, भकारी जतिपनि बिक्थ्यो । बोकेरै बजार लगेर १० रुपैयाँमा बेच्दा पनि छोराछोरी पाल्न पुग्थ्यो', चेपाङले भने, 'अहिले बजारमा डोको बिक्न छोड्यो ।'




चौकीभञ्ज्याङ र आसपासका सबैको पुर्ख्यौली पेसा डोको, डालो र भकारी बुन्ने भए पनि प्लास्टिकका सामग्रीले बजार भरिएसँगै निगालो र बाँसबाट बुनेका डोको घरमै थन्किएर बसेका उनले बताए । चेपाङ कतिले पुख्र्यौली पेसा छाडेर विकल्प पनि खोजिसकेका भन्दै उमेरले ७० वर्ष नाघिसकेकाले पुख्यौली पेसा छाडेर कहीँ जान सक्ने अवस्था नरहेको उनले बताउ । उनका अनुसार डोको बिक्न छोडेपछि आम्दानीको स्रोत टुटेको छ । डोको बुन्ने पेसाबाटै बालबच्चा हुर्काएका चेपाङलाई अहिले जीवन धान्नै मुस्किल भएको छ । 'हाम्रो मात्र होइन गाउँमा सबैको मुख्य काम भनेकै डोको बुन्ने र बजारमा लगेर बिक्री गर्ने थियो । अहिले डोको, डालो र भकारी बुनेर घरखर्च चल्न छोड्यो, अरु पेसा गर्न उमेरले दिँदैन', उनले भने, 'अहिले डोको नै बिक्दैन । म बुढो मान्छे बजारसम्म पु¥याउन पनि सक्दिन । किन्न व्यापारी गाउँ आउँदैनन् । पुख्र्यौली पेसा भनेर मात्रै गरिरहेका हौँ । डोको बुनेर दुई छाकको जोहो गर्नै मुस्किल छ ।' विसं २०३५ तिर डोको बुनेर बिक्री गर्दा दश रुपैयाँसम्म आम्दानी हुने गरेको अनुभव चेपाङले सुनाए । 'त्यस समयमा दुई रुपैयाँमा एक पाथी नून, छ रुपैयाँमा एक लिटर खाने तेल पाइन्थ्यो । दैनिक १०÷१२ वटा बेच्दा मनग्य आम्दानी हुन्थ्यो', उनले भने, 'अहिले बजारमा डोको बिक्री हुदैन । डोको बुन्ने, थुपार्ने र व्यापारी कुर्ने काम मात्र भइरहेको छ ।' उनका अनुसार पहिला बजारको पनि कुनै समस्या थिएन । उनकी श्रीमती तिलकुमारी चेपाङले पनि डोको र भकारी बोकेर अन्नपात साटेको अनुभव सुनाए । 'त्यतिबेला एउटा डोको साट्दा एक पाथी अन्न आउँथ्यो । पछि डेढ दुई सयमा बिक्न थाल्यो । त्यति हुँदा घरखर्च चलाउन सजिलो थियो', तिलकुमारीले भने, 'अचेल त किन्ने मान्छे नै आउँदैनन् । भोलिपर्सी कतै माग भइहाल्यो भने बेचौला भन्ने झिनो आशा छ ।' डोकोको आकार हेरेर तीन सयदेखि पाँच सय रुपैयाँसम्म र खाङ्ग्रेको एक हजार रुपैयाँसम्म बिक्री हुनुपर्ने नेवारबाँसका ४० वर्षीय रामबहादुर प्रजाले बताए । निकै सस्तो मूल्यमा दिँदा पनि डोको बिक्री हुन छाडेको उनको भनाइ थियो । 'गाउँदेखि पृथ्वी राजमार्ग पुग्न चार घण्टा पैदल हिँड्नुपर्छ । छदेखि बढीमा १० वटासम्म बोकेर लान सकिन्छ । बिक्री गर्न गजुरी, घाटबेँशी, मलेखु, आदमघाटसम्म लैजाने गरेका छौँ', उनले भने । प्रविधिको विकाससँगै डोको बुन्नेको पेसा नै सङ्कटमा परेको जीतबहादुर चेपाङले बताए । पछिल्लो समय डोकोको प्रयोगमा नै कमी आएको उनको भनाइ थियो । 'गाउँमा बाँस र निगालो प्रशस्त पाइन्छ । सबैले डोको बुन्न पनि जानेका छन्', उनले भने, 'अहिले गाउँमा सडक आइपुगेका छन् । मानिसले बोक्ने भारी सवारीले बोक्छन् । डोकोको प्रयोगको सट्टा अन्य प्लाष्टिकका सामग्रीको प्रयोग गर्ने धेरै छन् । यसले हाम्रो पुख्र्यौली पेसा सङ्कटमा पर्दै गएको हो ।' चौकी भञ्ज्याङ नेवारबासमा ९२ घर परिवार छन् । उनीहरुको मूख्य पुख्र्यौली पेसा डोको बुनाइ हो । तर पछिल्लो समय डोको बिक्न छाडेपछि उनीहरुले विकल्प खोज्न थालेका छन् ।

# हरियाली बन्दै बागमती बगर

**मधेशदृष्टि**
**रौतहट ।**
कुनै बेला ढुङ्गा तस्करको ढुङ्गा भण्डारण गर्ने तथा चरिचरन क्षेत्र बनेको बागमती बगर हरियालीमय बनेको छ । प्रदेश सरकारको नदी किनार संरक्षण कार्यक्रमअन्तर्गत वृहत वृक्षारोपण कार्यक्रम गरिएपछि उजाड र बेवारिसे बगर क्षेत्र अहिले हरियाली देखिन थालेको हो । चन्द्रपुर नगरपालिका वडा नम्बर १ स्थित बागमती नदीको खोला किनारमा गरिएको वृक्ष हुर्किन थालेका छन् ।
डिभिजन वन कार्यालयमार्फत असारमा गरिएको वृक्षारोपणलाई सिमेन्टको खम्बामा तारजाली राखेर संरक्षण गर्न थालेपछि बिरुवा हुर्किन थालेका हुन् ।
बागमतीमा रहेको दोभान सामुदायिक वनको पूर्वतर्फको नदीको किनारमा वृक्षारोपण गरिएको थियो । १८ हेक्टरमा विभिन्न प्रजातिका बिरुवा रोपिएको सहायक वन अधिकृत सुरेशकुमार महतोले बताए ।
अधिकृत महतोका अनुसार अहिले बिरुवा संरक्षणको काम भइरहेको छ । यस क्षेत्रमा बाख्रा, गाई, भैँसी चराउने गरेकाले बिरुवा हुर्काउन जनावरबाट नै दुःख हुने गरेको छ । जनावरले तारजाली, खम्बा भत्काउने र बिरुवामा पनि क्षति गर्ने गरेका छन् । हाल यस क्षेत्रमा भएका बिरुवालाई हुर्काउन चुनौती देखिएको छ । वन कार्यालयले अहिले रोपिएका बिरुवा हुर्काउन र संरक्षणमा ध्यान दिँदै आएको छ ।
नदी किनार उकासको जमिन उपयोगविहीन अवस्थामा थियो । यस क्षेत्रमा खयर, सिसौ, जामुन, अमला, बडहर, टिक, सत्तिसाललगायतका बिरुवा रोपिएको डिभिजन वन कार्यालयका प्रमुख सुनिल कर्णले बताए ।
केही वर्षपछि यस क्षेत्रमा डाले घाँस प्रशस्त पाइने भएकाले समुदायमा रहेका स्थानीय पशुपालक कृषकले यसबाट लाभ लिन सक्नेछन् । गौरवको आयोजना रेलमार्ग त्यस सामुदायिक वन क्षेत्र भएर गएको हुँदा धेरै मात्रामा रुख कटान भएकाले यस वृक्षरोपणले परिपूर्ति गर्ने डिभिजनन प्रमुख कर्णको धारणा छ ।

# सूचना प्रविधि थप परिष्कृत गरौँः उपराष्ट्रपति



**रासस**
**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवले नेपाल सूचना प्रविधिको विकाससँग जोडिसकेकाले अब यो क्षेत्रलाई थप परिष्कृत र सुसंस्कृत बनाई उन्नत प्रविधिहरूको प्रयोग गर्दै अगाडि बढ्नुपर्ने बताएका छन् ।
'लर्ड बुद्ध एजुकेसन फाउन्डेसन' को रजत जयन्ती समारोहमा उनले भने, 'दुई दशकयता सूचना प्रविधि क्षेत्रमा मुलुकले उल्लेख्य प्रगति हासिल गरे पनि त्यसैमा सन्तोष मानेर हामी बस्नु हुन्न । हामीले यो क्षेत्रलाई थप उचाइमा पु¥याउन आवश्यक छ ।'
उपराष्ट्रपति यादवले मुलुकमा सूचना तथा प्रविधि शिक्षामा महत्त्वपूर्ण योगदान पु¥याइरहेकामा फाउन्डेसनको उच्च प्रशंसा गर्दै आगामी दिनमा समेत नेपाललाई चाहिने जनशक्ति उत्पादनमा यो संस्था थप प्रतिबद्ध भई सक्रिय रहने विश्वास लिएको बताए । उनले फाउन्डेसनले चार वर्षयता सातै प्रदेशमा एक÷एकजना महिलालाई निःशुल्क शिक्षा उपलब्ध गराएर शिक्षाका माध्यमबाट थोरै भए पनि महिलाको सशक्तीकरणमा योगदान पुऱ्याएकामा खुसी व्यक्त गरे ।
'नेपालमा सूचना प्रविधिको विकाससँगै यस क्षेत्रमा नीतिगत तथा कानूनी आधारशिला तयार भइसकेका छन । यसको एउटा प्रमाण 'नयाँ पुस्ता प्रविधिमैत्री' हुनु पनि हो,' उपराष्ट्रपति यादवले भने, 'प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक छ । भरपर्दो र गुणस्तरीय शिक्षामार्फत सेवा क्षेत्रमा दक्ष जनशक्तिसहितको रोजगारी उपलब्ध गराउन सके मुलुकको आर्थिक विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा छ । यो क्षेत्रमा थप विस्तारका लागि थप वातावरण तयार गर्न सबैले आ–आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नु पर्दछ ।'
उनले पछिल्लो समय युवा विदेशिने क्रम बढेकामा गहिरो चिन्ता व्यक्त गर्दै स्वदेशमै भविष्य नदेखेर पलायन हुनुपर्ने बाध्यता टार्न व्यावहारिक, सीपमूलक र जीवनोपयोगी शिक्षा हाम्रो आवश्यकता भएको बताए । उनले लर्ड बुद्ध एजुकेसन फाउन्डेसनले सूचना प्रविधि क्षेत्रमा २५ वर्षको यात्रा पूरा गर्दै रजत महोत्सव मनाइरहेकामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गरे ।

# सूर्यदर्शन सहकारीका कोषाध्यक्ष पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पोखराको सूर्यदर्शन सहकारी संस्थाका कोषाध्यक्ष कुमार रम्तेल समातिएका छन् । उनलाई प्रहरीले काठमाडौँबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी श्रवण बिकले जानकारी दिए ।जिल्ला अदालत कास्कीले आइतबार सूर्यदर्शन सहकारीका अध्यक्ष जीबी (गितेन्द्रबाबु) राईसहित ७ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । पक्राउ पुर्जी जारी भएकामध्ये रम्तेल पक्राउ परेका हुन् भने अरुको खोजी भइरहेको डिएसपी बिकले जानकारी दिए ।
पोखरामा सूर्यदर्शन बचत तथा ऋण सहकारीमार्फत बचतकर्ताको बचत हिनामिना गरेको भन्दै ९ सय ७१ जनाले उजुरी दिएका थिए ।
जाहेरी दिएकाहरुले १ अर्ब ८ करोड ११ लाख रुपैयाँ फिर्ता माग गरेका छन् ।
पोखरा महानगर ४, नालाकोमुखमा रहेको सहकारीका सञ्चालक समितिका पदाधिकारीहरू समेतले निक्षेपकर्ताहरुको बचत रकम फिर्ता नगरेका र सहकारीको रकम हिनामिना तथा ठगी गरेर फरार रहेको भन्दै प्रहरीले अन्य बचतकर्ताहरूलाई जाहेरी दिन सार्वजनिक सूचना निकालेको थियो ।

# सूर्यविनायक–रत्नपार्क 'द्रुत बस सेवा' सुरु हुने



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सूर्यविनायक–रत्नपार्क 'द्रुत बस सेवा' असोज ३ गतेदेखि सञ्चालन हुने भएको छ । संविधान दिवसका दिनदेखि 'द्रुत बस सेवा' सञ्चालन गर्न लागिएको सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले बताए ।
सोमबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले सडक विभागका महानिर्देशक, यातायात व्यवस्था विभागका महानिर्देशकसहितको टोलीसँग 'द्रुत बस सेवा'का विषयमा छलफल गरेका थिए ।
'छलफलपछि असोज ३ गते 'द्रुत बस सेवा' सञ्चालन गर्ने निर्णय गरियो' मन्त्री ज्वालाले भने ।
'द्रुत बस सेवा' असोज १ गतेदेखि सञ्चालन गर्ने यसअघि निर्णय भएको थियो । तर संविधान दिवसका दिनदेखि सुरु गर्न मन्त्री ज्वालाले निर्देशन दिएका छन् ।
'द्रुत बस सेवा' सञ्चालनको आवश्यक तयारी लगभग अन्तिम चरणमा पुगेको विभागका महानिर्देशक ढकालले मन्त्री ज्वालालाई जानकारी दिए ।
'अन्य काम सबै सकिएको छ, सडकको डेडिकेटेड लाइनमा रेड मार्क गर्न मात्र बाँकी छ, त्यो भदौ २६ गतेदेखि सुरु गर्छौं ।'
विभागले दुई खण्ड बनाएर सडकको रेड मार्क गर्ने भएको छ । रत्नपार्कदेखि जडिबुटी, र जडिबुटीदेखि सुर्यविनायकसम्म दुई मार्ग बनाएर एकैदिन सुरु हुनेभएको छ । त्यसैगरी, यातायात व्यवस्था विभागले आफ्नो काम सकेको जानकारी मन्त्री ज्वालालाई दिएको छ ।
'द्रुत बस सेवा'का लागि आवश्यक पर्ने २५ वटा बस तयारी अवस्थामा राखिएको यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले बताए । व्यवसायीसँग सहकार्य गरी उनीहरुकै बसहरु सञ्चालन गर्न लागिएको हो । ३८ जना क्षमता रहेको २५ बस सञ्चालनमा आउने भएका छन् ।
बिहान र बेलुकाको कार्यालय समयमा काठमाडौँ उपत्यकाभित्र धेरै ट्राफिक जाम हुनेभएपछि मन्त्री ज्वालाले द्रुत बस सेवाको अवधारणा ल्याएका हुन् ।
यातायात व्यवस्था विभागका महानिर्देशकको सरुवा भएपछि 'द्रुत बस सेवा'का बिषयमा केही आशंका उब्जिएका थिए । 'अब आशंका पाल्नुपर्दैन, असोज ३ गतेदेखि द्रुत बस सेवा सञ्चालनमा आउँछ,' मन्त्री ज्वालाले भने ।
अहिले बिहान र साँझ कार्यालयमा 'द्रुत बस सेवा' सञ्चालन हुनेभएको छ । बिहान ९ देखि ११ र साँझ ४ देखि ६ बजेसम्म सञ्चालन हुनेछ ।

# क्रिकेटर आसिफलाई बलात्कार आरोप



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज घर भएका नेपाली राष्ट्रिय क्रिक्रेट टिमका चर्चित खेलाडी आसिफ शेखलाई बलात्कार आरोप लागेको छ ।
आइतबार दिउँसो बलात्कारको उजुरी लिएर पीडित पक्ष काठमाडौँस्थित महानगरीय प्रहरी परिसरमा पुगेको बताइएको छ । पीडित पक्षलाई प्रहरीले कालीमाटीस्थित महिला सेल पठाएको थियो । महिला सेलले उनीहरूलाई उजुरीमा रीत नपुगेको भन्दै फर्काएको छ । कालीमाटीस्थित महिला सेल पुगेका पीडित पक्षले फेरि रीतपूर्वक निवेदन लिएर आउने बताएको छ । एक युवतीले आसिफले आफूलाई बलात्कार गरेको आरोप लगाएकी छन् ।
प्रहरीले रीतपूर्वक निवेदन आएपछि उनीमाथि अनुसन्धान हुने जनाएको छ । परिसरका प्रवक्ता प्रहरी उपरीक्षक कुमोद ढुंगेलले आफूले पनि यस विषयमा जानकारी पाएको तर निवेदन दर्ता नभएको बताए ।

# वेवारिसे शव फेला




**वीरगंज ।**
पर्साको ठोरी विजयवस्तीमा बेवारिसे अवस्थामा पुरुषको शव फेला परेको छ । ठोरी गाउँपालिका वडा नम्बर ४ विजयवस्तीस्थित नेवा पेट्रोल पम्पको पछाडि अन्दाजी ४० वर्षीय पुरुष मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।
पेट्रोलपम्प पछाडिको खेतमा गहुँगोरो वर्णका र जिउमा कट्टु मात्र लगाएका अपरिचित पुरुषको शव फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक कुमार बिक्रम थापाले जानकारी दिए ।
शव फेला परेको जानकारी प्राप्त हुने बित्तिकै पर्साका प्रहरी उपरीक्षक कोमल शाहको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय पर्साको टोली घटनास्थलमा पुगेको र मृतकको शव पोष्टमार्टमका लागि नारायणी अस्पतालमा ल्याईएको छ ।
घटनाको बारेमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# सर्राफ सुनतस्करीसँगै क्रिप्टोकरेन्सीमा पनि सक्रिय



**मधेशदृष्टि**
**बारा ।**
६० किलो सुन तस्करी प्रकरणमा पक्राउ परेका सुनचाँदी व्यवसायी संघ बाराका अध्यक्ष शिवकुमार सर्राफ अवैध भर्चुअल मुद्रा क्रिप्टोकरेन्सी कारोबारमा पनि संलग्न रहेको पाइएको छ ।
प्रहरीले चिनियाँ नागरिकको समूहले हङकङबाट तस्करी गरेर ल्याएको सुन खरिद गरेको देखिएपछि उनलाई पक्राउ गरेर काठमाडौँ ल्याएको थियो ।
ब्युरोले उनलाई पक्राउ गरेर मोबाइललगायतका सामग्रीको जाँचपछि उनले क्रिप्टोकरेन्सीको कारोबार पनि गरेको खुलेको अनुसन्धानमा संलग्न एक अधिकृतले बताए ।
ब्युरोले भारतमा पक्राउ गरेर टोखाका सुमन खरेललाई काठमाडौँ ल्याएको थियो ।
उनी सुन ओसारपसारमा संलग्न व्यक्ति रहेको प्रहरीको दाबी थियो । खरेलमार्फत सुन प्रकरणमा सर्राफको संलग्नता खुलेको थियो ।
खरेलको चिनियाँ नागरिक एलेक्स भनिने याओ पुचिङसँग सम्बन्ध देखिएको थियो । उनले एलेक्स र हिरासतमा रहेका दावा छिरिङसँग मिलेर सुन भारतसम्म पुऱ्याउने काम गरेको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् ।



यदि म मनोनयनमा परेँ भने दौडधूप छाडिदिन्छु, निर्वाचित नै भएँ भने त सेवा गर्नै छाडिदिन्छु । किनभने म राजनीति गरिरहेको छु ।

– विलियम टि. शेरमन

## सम्पादकीय

# ८४ को चुनावमा चल्ला द्रुतमार्ग ?

आगामी निर्वाचन २०८४ मा छ । त्यतिखेर काठमाडौँ–तराई/मधेश द्रुतमार्ग सञ्चालनमा आउला कि नआउला ? यद्यपि द्रुतमार्ग निर्माण प्रगतिबारे सेनाले मुख खोलेको छ । बुहप्रतीक्षित काठमाडौँ–तराई/मधेश द्रुतमार्ग निर्माणको काममा ढिलासुस्ती देखिएको छ । अहिलेसम्मको प्रगतिमा २६ प्रतिशत काम सकिनु यसको द्योतक हो । उसो त कामको जिम्मा पाएको छ नेपाली सेनाले । काठमाडौँ–तराई/मधेश द्रुतमार्ग सडक आयोजना निर्माणको कामको आर्थिक वर्ष २०७९/८० को साउन मसान्तसम्मको भौतिक प्रगति २६.१४ प्रतिशतमा सीमित छ । यद्यपि वित्तीय प्रगति २८.११ प्रतिशत रहेको सेनाले गरेको पत्रकार सम्मेलनमा द्रुतमार्ग सडक आयोजना प्रमुख कमलविक्रम शाहले जानकारी दिएका छन् । ११ वटा क्लष्टरअन्तर्गतका १३ वटा निर्माण प्याकेजमध्ये १ देखि ७ नम्बर सम्मका प्याकेज निर्माणाधीन छन् । सिस्नेरी तथा मख्खुबेसी खण्ड अन्तर्गत प्याकेज नम्बर ८ क, ९ क र ९ ख को भदौ १३ गते बोलपत्र खोलेर मूल्यांकनक्रममा छ । मख्खुबेंसी तथा महादेवटार खण्डस्थित प्याकेज नम्बर ८ ख र १० को भदौ १ गते बोलपत्र आव्हान भएको छ । ९५ प्रतिशत प्याकेज कार्यान्वयन तथा खरिद प्रक्रियामा प्रवेश भएकाले काम अघि बढ्ने देखिएको छ । प्याकेज नम्बर ११ अन्तर्गत खोकना इलाकामा द्रुतमार्गको सुरु बिन्दु निर्धारण, सवारी आवागमन व्यवस्थापनसम्बन्धी निर्णय र जग्गा अधिग्रहण विवाद समाधानपश्चात खरिद प्रक्रिया सुरु गर्न सकिने वातावरण बनेको छ । निर्माणाधीन तीन सुरुङमार्गको लम्बाइ ६.४१५ किलोमिटरमध्ये २.६६७ किलोमिटर सुरुङ निर्माण भएको छ । ४१.५७ प्रतिशत सुरुङमार्गको काम भएको छ ।

महादेवटार सुरुङ्गमार्ग ३.३५५ किलोमिटरमा १.३८७ किलोमिटर, धेद्रेमा १.६३ किलोमिटरमध्ये ६१९ मिटर र लेनडाँडामा १.४३ किलोमिटरमा ६६१ मिटर सुरुङ निर्माण सकिएको छ । प्याकेज नम्बर १ देखि ५ सम्मका ४५ पुल डिजाइन भइसकेको छ भने १ हजार ७ सय ६८ पाइलमध्ये १ हजार ५३ वटा पाइल निर्माण सकिएको सेनाले जनाएको छ । १५ हजार ४ सय १६ रोपनी जग्गा अधिग्रहण गरिनु पर्नेमा सरकारी जग्गा १० हजार २ सय ४४ तथा व्यक्तिगत जग्गा ५ हजार १ सय ७२ रोपनी छन् । व्यक्तिगत जग्गामा ४ हजार ७ सय ६६ रोपनी जग्गा अधिग्रहण भइसकेको छ भने ४०६ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनबमोजिम ३८ हजार ६ सय ६४ रुखमध्ये २८ हजार ६ सय ४६ रुख काटिएका छन् । बाँकी १० हजार १८ रुख काट्न बाँकी छ । काटिएका रुखको बदलामा १ अनुपात २५ का दरले ७ लाख १६ हजार १ सय ५० बिरुवा रोपिनु पर्नेमा जम्मा ५ सय ३७ हेक्टरमा ६ लाख ४३ हजार ६ सय ९५ बिरुवा रोपिएका छन् ।

प्रस्थान बिन्दु खोकना र अन्तिम बिन्दु निजगढ रहेको द्रुतमार्ग सडकको लम्बाई ७०.९७७ किलोमिटर छ । २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले निजगढमा शिलान्यास गरी निर्माण कार्य प्रारम्भ भएको आयोजना २०८० साल साउन ३० गते स्वीकृत भएको आयोजनाको परिमार्जित डिपिआरबमोजिम २०८३ चैत मसान्तसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य छ । आयोजनाको लागत २ खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ छ । सेनालाई आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी दिएपछि २०७९/८० सम्ममा ४९.२३ अर्ब रुपैयाँ खर्च भइसकेको छ भने चालु आर्थिक वर्षमा २२ अर्ब ५१ करोड रुपैयाँ विनियोजन भएको छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# दलित समुदायप्रति राज्यको दायित्व

■ स्थानीय तहमा दलित समुदायको प्रतिनिधित्वको अवस्था हेर्दा मेयर पदमा जम्मा २ सय ९३ मा दलित ६ जना अर्थात् १.३ प्रतिशत मात्रै, उपमेयरमा जम्मा २ सय ९३ मा दलित ११ जना ३.७५ प्रतिशत मात्रै, अध्यक्षमा जम्मा ४ सय ६० मा दलित ४ जना ०.८६ प्रतिशत मात्रै, उपाध्यक्षमा जम्मा ४ सय ६० मा दलित १४ जना ३.०४ प्रतिशत मात्रै, वडाअध्यक्षमा जम्मा ६ हजार ७ सय ४२ मा दलित १ सय ९४ जना २.८७ प्रतिशत मात्रै, वडा सदस्यमा जम्मा १३ हजार ४ सय ८४ मा जम्मा दलित ७ सय ९७ जना ५.९१ प्रतिशत मात्रै, दलित महिला वडा सदस्यमा जम्मा ६ हजार ७ सय ४२ मा दलित ६ हजार ५ सय ६७ जना अर्थात् ९७.४ प्रतिशत मात्रै छन् ।

■ संघीय संसदमा हेर्दा प्रत्यक्षतर्फ १ सय ६५ मा दलितबाट ३ जना र समानुपातिकमा १ सय १० मा दलितबाट १६ जना अनि राष्ट्रिय सभामा जम्मा ५९ मा दलितबाट ७ जना मात्रै छन् । प्रदेश सभामा दलितको प्रतिनिधित्व कोशी प्रदेशमा प्रत्यक्षमा ५६ मा दलितबाट शून्य र समानुपातिकमा ३७ मा दलितबाट ३ जना, मधेश प्रदेशमा प्रत्यक्ष ६४ मा दलितबाट १ र समानुपातिकमा ४३ मा दलितबाट ६, बागमती प्रदेशमा प्रत्यक्षमा ६६ मा दलितबाट शून्य र समानुपातिकमा ४४ मा दलितबाट २, गण्डकी प्रदेशमा प्रत्यक्षमा ३६ मा दलितबाट शून्य र समानुपातिकमा २४ मा दलितबाट ५, लुम्बिनी प्रदेशमा प्रत्यक्षमा ५२ मा दलितबाट शून्य र समानुपातिकमा ३५ मा दलितबाट ५, कर्णाली प्रदेशमा प्रत्यक्षमा २४ मा दलितबाट २ र समानुपातिकमा १६ मा दलितबाट ३, सुदूरपश्चिम प्रदेशमा प्रत्यक्षमा ३२ मा दलितबाट १ र समानुपातिकमा २१ मा दलितबाट ५ जना चयन भएका छन् ।



ऋषिकेश यादव

विश्व मानचित्रमा नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधतायुक्त मुलुकको रुपमा विशिष्ट परिचय छ । मुलुकमा एक सय २५ जातजाति एवम् एक सय २३ प्रकारका भाषाभाषीको बसोबास छ ।
समाजमा जुन वर्गलाई शोषित गरेर राखिएको हुन्छ अनि विभिन्न अधिकारबाट वञ्चित गराइएको हुन्छ । त्यही वर्गलाई दलित समुदाय भनिन्छ । दलित समुदायलाई राजाको शासन होस्, राणाको शासन होस् वा अहिले पनि दलित समुदाय शोषित नै छन् ।
विसं. २०६८ सालको राष्ट्रिय जनगणनालाई नै आधार मान्ने हो भने हामीकहाँ उत्पीडित दलित समुदायको जनसंख्या १३.१२ प्रतिशत छ । करिब तीन हजार पाँच सय वर्ष अगाडिदेखिको हिन्दू वर्णाश्रम व्यवस्थाको जगमा टिकिरहेको जातपात र छुवाछुतको शिकार उत्पीडित दलित समुदाय यो वा त्यो नाममा अहिलेसम्म बनिरहनुपरेको छ । जसले गर्दा विभेद, दमन, शोषण र अपमानपूर्ण जीवन व्यथित गर्नु परिरहेको छ । राष्ट्रिय दलित आयोगमा दलित समुदायमा सूचीकृत जातजाति पहाडमा ७ प्रकारका छन् भने मधेशमा १९ प्रकारका छन् ।
दलित समुदाय अहिलेसम्म शिक्षा, स्वास्थ्य, राजनीति, सांस्कृतिक क्षेत्रमा पछाडि नै छन् । शिक्षा क्षेत्रमा भने साक्षरता अत्यन्त कम छ । एक महिनाअगाडिको कुरा हो, रौतहट घर भएका रामजी राम, उहाँको आर्थिक अवस्था कमजोर थियो र उहाँले परीक्षा शुल्क बुझाउनु भएको थिएन । त्यही भएर उहाँलाई परीक्षा दिनबाट रोक लगाउन लागिएको थियो तर सामाजिक सञ्जालमा उहाँको घटनाबारे थाहा पाएपछि धेरै ठाउँबाट सहयोग आयो । र, उहाँले परीक्षामा नाम निकाल्न सफल हुनुभयो । त्यसैगरी स्वास्थ्य क्षेत्रमा पनि यस्तै छ । करिब ८०% बाल मृत्युदरको हिस्सा दलित समुदायको भागमा पर्दछ । सबै बाल श्रमिकमध्ये करिब ८०% दलित बालबालिका छन् ।
त्यसरी नै राजनीतिक क्षेत्रमा पनि उपस्थिति पछाडि नै छ । स्थानीय तहमा दलित समुदायको प्रतिनिधित्वको अवस्था हेर्दा मेयर पदमा जम्मा २ सय ९३ मा दलित ६ जना अर्थात् १.३ प्रतिशत मात्रै, उपमेयरमा जम्मा २ सय ९३ मा दलित ११ जना ३.७५ प्रतिशत मात्रै, अध्यक्षमा जम्मा ४ सय ६० मा दलित ४ जना ०.८६ प्रतिशत मात्रै, उपाध्यक्षमा जम्मा ४ सय ६० मा दलित १४ जना ३.०४ प्रतिशत मात्रै, वडाअध्यक्षमा जम्मा ६ हजार ७ सय ४२ मा दलित १ सय ९४ जना २.८७ प्रतिशत मात्रै, वडा सदस्यमा जम्मा १३ हजार ४ सय ८४ मा जम्मा दलित ७ सय ९७ जना ५.९१ प्रतिशत मात्रै, दलित महिला वडा सदस्यमा जम्मा ६ हजार ७ सय ४२ मा दलित ६ हजार ५ सय ६७ जना अर्थात् ९७.४ प्रतिशत मात्रै छन् ।
संघीय संसदमा हेर्दा प्रत्यक्षतर्फ १ सय ६५ मा दलितबाट ३ जना र समानुपातिकमा १ सय १० मा दलितबाट १६ जना अनि राष्ट्रिय सभामा जम्मा ५९ मा दलितबाट ७ जना मात्रै छन् । प्रदेश सभामा दलितको प्रतिनिधित्व कोशी प्रदेशमा प्रत्यक्षमा ५६ मा दलितबाट शून्य र समानुपातिकमा ३७ मा दलितबाट ३ जना, मधेश प्रदेशमा प्रत्यक्ष ६४ मा दलितबाट १ र समानुपातिकमा ४३ मा दलितबाट ६, बागमती प्रदेशमा प्रत्यक्षमा ६६ मा दलितबाट शून्य र समानुपातिकमा ४४ मा दलितबाट २, गण्डकी प्रदेशमा प्रत्यक्षमा ३६ मा दलितबाट शून्य र समानुपातिकमा २४ मा दलितबाट ५, लुम्बिनी प्रदेशमा प्रत्यक्षमा ५२ मा दलितबाट शून्य र समानुपातिकमा ३५ मा दलितबाट ५, कर्णाली प्रदेशमा प्रत्यक्षमा २४ मा दलितबाट २ र समानुपातिकमा १६ मा दलितबाट ३, सुदूरपश्चिम प्रदेशमा प्रत्यक्षमा ३२ मा दलितबाट १ र समानुपातिकमा २१ मा दलितबाट ५ जना चयन भएका छन् ।
संविधानको धारा ४० मा दलितको हकसम्बन्धी व्यवस्था उल्लेख छ । संविधानमा अधिकार दिइएको छ तर दलितले त्यो अधिकार राम्रोसँग उपयोग गर्न पाएका छैनन् । संविधानको धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हक छ, यो धाराले के भन्छ भने कुनै पनि जातिलाई छुवाछुत तथा भेदभाव गर्न पाइँदैन ।
छुवाछुतमुक्त राष्ट्र घोषणा भएको १४ वर्ष पूरा हुने समयसम्म आइपुग्दा दुई दर्जनभन्दा बढी उत्पीडित दलित समुदायका मानिसको दलित भएकै कारण हत्या भइसकेको छ, ज्यान लिइएको छ । आज पनि समाजमा विद्यालय भर्नामा विभेद छ, सार्वजनिक मन्दिरमा पूजामा वञ्चित गरिएको छ । दलित भन्ने थाहा पाएपछि घर भाडामा दिइन्न, सार्वजनिक स्थल प्रवेशमा रोक लगाइन्छ, छोइछिटो गरिने कार्य कायमै छ ।
दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्चशिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षा व्यवस्था, प्राविधिक र व्यावसायिक उच्चशिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था हुन सकेको छैन, व्यवस्था मात्र गरिएको छ । मौलिक हकमा समेटिएका यीसहित विभिन्न सात बुँदाले दलित समुदाय भनेको राज्यका निकायमा प्रतिनिधित्व हुन नसकेको, रोजगारीका अवसरबाट वञ्चित रहेको, राज्यसंरक्षित रुपमा पछाडि पारिएको, पञ्चितिकरण गरिएको, शिक्षा, स्वास्थ्य, आवास, भूमिजस्ता आधारभूत सुविधाबाट समेत वञ्चित रहेको समुदाय भन्ने बुझाउछ ।

राष्ट्रिय दलित आयोग गठन गरी ऐन त बनाइयो तर ऐन कार्यान्वयनमा आउनसकेको छैन । राष्ट्रिय दलित आयोग, ऐनको परिच्छेद २ मा आयोगको काम, कर्तव्य र अधिकारबारेमा भनिएको छः
क) दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम समीक्षा, अनुगमन र मूल्यांकन गर्ने,
ख) दलित समुदायको हक, हितको संरक्षण र सम्वद्र्धन तथा समुदायको सशक्तिकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानुनी व्यवस्था अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,
ग) दलित समुदायको हकहितको संरक्षण र सम्वद्र्धन तथा समुदायको सशक्तिकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,
घ) कुन जातजाति वा उत्पत्तिका व्यक्ति वा समुदायको उचनिच दर्शाउने, जातजातिका आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचार, व्यवहार र, अभ्यास वा जातीय भेदभाव, छुवाछुत वा सामाजिक कुरीतिविरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने र त्यस्तो कार्यका लागि प्रचारप्रसार सामग्री तयार गरी वितरण गर्ने,
ङ) दलित समुदायको हकहितको संरक्षण र सम्वद्र्धन तथा त्यस्तो समुदायको सशक्तिकरण लागि आवश्यक सूचना, जानकारी एवम् चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
च) दलित समुदायका सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धीसम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई आवश्यक निर्देशन दिने,
छ) दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्ने नेपाल सरकारलाई सिफारिस गर्ने,
ज) दलित समुदायको हकहित संरक्षण, सम्वद्र्धन र सशक्तिकरणका लागि नेपाल सरकार र अन्य संघसंस्थाले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
झ) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने–गराउने,
ञ) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाइ लागू गर्ने,
ट) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने
संयुक्त राष्ट्रसंघको सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९६५ को धारा १(१) ले हाम्रो सन्दर्भमा रहेको दलितको परिभाषालाई जातीय भेदभावका रुपमा परिभाषित गरेको छ । यो महासन्धिमा भनिएको छ, 'जातीय भेदभाव भन्नाले जात, रंग, वंश, राष्ट्रियता र उत्पत्तिका आधारमा गरिने फरक व्यवहार पृथक संकुचन तथा अन्यलाई ग्राह्यता दिनुलाई बुझिन्छ ।' विगतमा दलितहरुले आफूलाई छुवाछुत भयो र विभिन्न ठाउँमा प्रवेश निषेध लगाएकामा आन्दोलन पनि गरे । विभिन्न दलितका संगठन मिलेर आन्दोलन भयो । आन्दोलनले केही उपलब्धी हासिल गरेको थियो । दलित आन्दोलनका उपलब्धी, अवसर र विशेष व्यवस्थाहरुः
१) नेपालको संविधानमा भएको दलित समुदायको विशेष व्यवस्था
२) छुवाछुतमुक्त राष्ट्र घोषणा विसं. २०६३ जेठ २१ गते
३) जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ मा भएको व्यवस्था
४) जातीय भेदभाव र छुवाछुतसम्बन्धी मुद्दा सरकारवादी हुने व्यवस्था
५) राजनीतिक दल र तिनका संगठनहरुमा रहेको प्रतिनिधित्व
६) संविधान र कानुनले गरेको विशेष व्यवस्थाबमोजिम राज्यका सबै निकाय (स्थानीय तह, प्रशासन, सुरक्षा निकायलगायत) मा दलित समुदायको प्रतिनिधित्व सुनिश्चितता
७) संवैधानिक राष्ट्रिय दलित आयोग व्यवस्था
८) संघीय, प्रादेशिक सरकार तथा स्थानीय तहले नीति, कार्यक्रम तथा बजेटमा गरेको व्यवस्था
९) सामाजिक सुरक्षा कार्यक्रम (६० वर्ष पुगेका सबै दलित वृद्धवृद्धा, ५ वर्षसम्मका बालबालिकालाई पोषण भत्ता र स्वास्थ्य बीमा)
१०) शिक्षामा प्रदान गरिएको छात्रवृत्ति व्यवस्था
११) जनता आवास कार्यक्रम
१२) सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान कार्यक्रम
१३) प्रधानमन्त्री रोजगार कार्यक्रम
१४) योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम ।

निष्कर्षमा दलित समुदाय अति नै पछाडि छ । तीन तहको सरकारले पनि खासै चासो देखाएको छैन दलित समुदायको सशक्तीकरणमा । जबसम्म दलित समुदाय उठाइँदैन । तबसम्म देशमा सुशासन कायम हुन गाह्रो छ ।
(विद्यार्थी, राजर्षि जनक विश्वविद्यालय)

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रचनात्मक काम तिर धेरै मन जाने देखिन्छ । नराम्रो काम तिर भने मन जाने देखिन्न ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मिठो खाना र उपहार पौने योग रहेको छ । मन डराउने छ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
चिन्ता बढ्ला जस्तो छ । काम गर्दा विचार पुराउनु होला ।

आफन्त वा साथीहरु बाटै काममा अवरोध आउला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
घाउ चोटपटक वा दुर्घटनाको भय होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काममा परिवारको पर्याप्त सहयोग प्राप्त हुने देखिन्छ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
नोकरीबाट भलायिको काम हुने छ । शारीरिक शुखभोग प्राप्त हुने देखिन्छ ।

**वृश्चिक -** तो,ना,नि,नु,ने,नो,या,यि,यु
शरीरमा केहि बाघा आउनेछ । केहि बोल्दा फेरी एकदम ध्यान दिनु पर्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
सरकारी जागिरबाट भने राम्रो फाइदा हुने योग रहेको छ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईले गर्नु भएको काम अथवा जागिरबाट भने खासै त्यस्तो नराम्रो देखिन्न ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
जागिर पनि शिक्षाको भए अझ राम्रो रहेको छ ।

शरीरमा केहि त्यस्तो खराबी देखिएता पनि तपाईको काममा भने खासै अवरोध भने नआउला ।

# खरायो पालनः लोभलाग्दो रोजगारी

*विसं २०५८ मा सोही वडाका गोरबहादुर रोकायले कर्णाली प्राविधिक शिक्षालय घुघुती जुम्लाबाट एक जोडी अङ्गोरा जातको खरायो ल्याएर पाल्न सुरु गरेका थिए । पछि उनीबाट एक/दुई घर हुँदै अहिले दुई सय ५० भन्दा बढी घरधुरीले खरायो पालेका छन् । अहिले उनीहरु हरेकको घरमा करिब डेढ सय वटा खरायो छन् । तत्कालीन समयमा सोखका लागि खरायो पाल्न सुरु गरेका तलिउमवासीले अहिले आफ्नो सोखलाई व्यवसायमा परिणत गरेका छन् । करिब एक हजार दुई सय घरधुरी भएको वडामा दुई सय ५० बढी घरधुरीमा गरिएको खरायोपालन र टोपी, मफ्लर बुन्ने उद्यमबाट अन्य गाउँवासीले पनि लाभ लिएका छन् । मासुका लागि केही मात्रामा अन्य जातका खरायो पालिएको यस वडामा अहिले टोपी उत्पादनका लागि अङ्गोरा खरायोपालनमा विशेष जोड दिइएको छ ।*



**कर्णाली ।**
एक दशकअघि कर्णालीका नागरिकलाई कालापहाड (भारत) बाहेक खाडी मुलुक भन्ने थाहै थिएन । मजदूरीका लागि उनीहरु छ महिना कालापहाडमा जान्थे । विशेष परिस्थितिमा बाहेक छ महिनापछि उनीहरु घरमै फर्कन्थे । केही वर्षयता भने यहाँका युवा खाडी मुलुकमा छिर्न थालेका छन् । पछिल्लो समयमा रोजगारका लागि युवा विदेशिनेक्रम बढ्दै गएको छ । स्वदेशमा रोजगारीका अवसर नपाएको भन्दै खाडी मुलुकतर्फ बर्सेनि हजारौँ युवा हानिनेक्रम रोकिएको छैन । मजदूरीका लागि विदेशिनुपर्ने बाध्यता त छ नै तर केही वर्षयता अर्काको देखासिकी र लहडमा पनि रोजगारीका लागि भन्दै बाहिरिने क्रम बढेको छ । स्वदेशमै बसेर राम्रैसँग रोजगारी गर्न सकिन्छ भन्ने कमै युवालाई विश्वास छ । आफ्नो देशमा भविश्य नदेखेका युवाहरुको माझ श्रम र पसिना चुहाएर काम गऱ्यो भने स्वदेशमै कमाउन सकिन्छ भन्ने एउटा गतिलो उदाहरण जुम्ला चन्दननाथ नगरपालिकाका स्थानीयवासी बनेका छन् । सुरुका दिनमा घरमा एक/दुई वटा खरायो पाल्ने जुम्ला चन्दननाथ नगरपालिका–८ तलिउम गाउँवासी अहिले व्यावसायिकरुपमा खरायोपालनमा लागेका छन् । विसं २०५८ मा सोही वडाका गोरबहादुर रोकायले कर्णाली प्राविधिक शिक्षालय घुघुती जुम्लाबाट एक जोडी अङ्गोरा जातको खरायो ल्याएर पाल्न सुरु गरेका थिए । पछि उनीबाट एक/दुई घर हुँदै अहिले दुई सय ५० भन्दा बढी घरधुरीले खरायो पालेका छन् । अहिले उनीहरु हरेकको घरमा करिब डेढ सय वटा खरायो छन् । तत्कालीन समयमा सोखका लागि खरायो पाल्न सुरु गरेका तलिउमवासीले अहिले आफ्नो सोखलाई व्यवसायमा परिणत गरेका छन् । करिब एक हजार दुई सय घरधुरी भएको वडामा दुई सय ५० बढी घरधुरीमा गरिएको खरायोपालन र टोपी, मफ्लर बुन्ने उद्यमबाट अन्य गाउँवासीले पनि लाभ लिएका छन् । मासुका लागि केही मात्रामा अन्य जातका खरायो पालिएको यस वडामा अहिले टोपी उत्पादनका लागि अङ्गोरा खरायोपालनमा विशेष जोड दिइएको छ । टोपीले नेपाली बजार लिएपछि नगरपालिका–८ का वासिन्दा यो व्यवसायमा आकर्षित हुँदै गएका छन् । उनीहरुले बुनेको प्रतिटोपीको बजार मूल्य तीन हजारदेखि चार हजार रुपैयाँसम्म छ, जुन कर्णाली पुग्ने हरेक उच्च अधिकारीले खोजीखोजी किन्ने गर्दछन् । खरायोपालन व्यवसाय र त्यसले सिर्जना गरेको रोजगारीले कालापहाड जाने बाध्यता हटाएको चन्दननाथ नगरपालिका–८ स्थित झुमकला फलफुल नर्सरी एण्ड पशुपालन फर्मका सञ्चालक खड्गबहादुर बुढाले जानकारी दिए । उनले आफ्नो फर्ममा डेढ सयभन्दा बढी खरायो पालेको बताए । 'मैले २०५८ सालदेखि खरायो पाल्न सुरु गरेँ । खरायोपालन गरेयता कालापहाड जाने बाध्यता हट्यो', उनले भन्, 'अहिले यसको आम्दानीबाट नै घर परिवारको सबै समस्या हल भएको छ ।'

उनले यसअघि घरेलु विकास समितिबाट बुनाईसम्बन्धी तालिम लिएर गाउँका महिला पुरुषलाई सीप हस्तान्तरण गर्दा उनीहरुले पनि बुनाईसम्बन्धीको काम सिकेको बताए ।

उनले भने, 'यहाँका पुरुषसहित नानु शाही, राममाया बुढा, रुपादेवी रोकाय, नाक्च्या धरालालगायतका महिलाले पनि टोपी बुन्दै आएका छन् । सीपसँग कमाई हुन थालेपछि यसमा उनीहरु निकै प्रफुल्लित छन् ।' बुढाका अनुसार खासमा यो व्यवसाय गर्न त्यति कठिन छैन । एउटा टोपी बुन्न दुईदेखि तीन दिनसम्म लाग्छ । बाटोमा हिंड्दै गर्दा, गाउँघरको कचहरीमा बस्दा पनि सजिलै यो टोपी बुन्न सकिन्छ । यसका लागि एकै ठाउँमा बस्नुपर्छ भन्ने हुँदैन । गफ गर्दै पनि आफ्नो काम गर्न सकिन्छ । खरायोले अधिकतम् घाँस खान्छ, धेरै दानापानी पनि धेरै नचाहिने किसानहरु बताउँछन् । जङ्गली जनावरबाट जोगाउन भने होसियारी अपनाउनु पर्दछ । छोटो समयमै यसले बच्चा दिन्छ । तीन महिनामा एकपटक ऊनका लागि मुड्ने गरिन्छ । विगत १७ वर्षदेखि खरायो पाल्दै आएका वडाका पदमबहादुर रोकायाले खरायोपालन व्यवसायले जीविकोपार्जनमा ठूलो सहयोग पुऱ्याएको बताए । उनको रोकाया खरायोपालन उद्योगमा हाल ९० वटा खरायो छन् । सोही गाउँका भैरव धरालाको पनि भुवानी कृषि तथा पशुपंक्षी पालन उद्योग छ । उनको उद्योगमा ८० खरायो छन् । यसले आफ्नो परिवारसहित गाउँका अन्य नागरिकलाई पनि रोजगारमा सहयोग पुऱ्याएको उनको भनाइ थियो । रोकायलाई गत आर्थिक वर्ष २०७९÷८० मा पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लबाट एक लाख २८ हजार रुपैयाँ अनुदान दिइएको थियो । उनीसहित पाँचजना खरायोपालक किसानले अनुदान पाएका थिए । प्राप्त अनुदानमा उनीहरुले शतप्रतिशत रकम थपेर उद्योगमा लगानी गर्दा राम्रै आम्दानी लिन सफल भएको रोकायले बताए । किसान रोकाय र धरालाका अनुसार तलिउम गाउँले वार्षिक ४२ लाख रुपैयाँबराबरको टोपी बेच्ने गर्दछ ।

खरायोपालक किसानका अनुसार सामान्यतया तीन महिनाको अन्तरालमा खरायोको ऊन मोड्न उपयुक्त मानिन्छ । दुईदेखि पाँचवटा खरायोको ऊन सङ्कलन गरेपछि एउटा टोपीका लागि आवश्यक ऊन पुग्दछ । तयार भएको एउटा टोपी तीन हजार पाँच सय रुपैयाँमा गाउँमै बिक्री हुन्छ । स्वरोजगारीले छिटफुट युवा बाहेक दुई दशकदेखि उनीहरुलाई कालापहाड र खाडी मुलुक जानुपरेको छैन । खरायो पालनबाट जुम्लाका थुप्रै किसानले राम्रो आम्दानी लिन थालेका छन् । खरायोको ऊनबाट बनेको टोपीले जुम्लामा स्वरोजार हुनेको संख्या बढ्दै गएको छ । खरायोको ऊनबाट गुणस्तर टोपीहरु बन्ने र बजार माग राम्रो भएकाले धैरैका लागि खरायोको व्यवसाय उत्तम देखिएको हो । खरायोपालक किसानहरुका अनुसार मासु र टोपीबाट मासिक १५ हजार आम्दानी हुने गरेको छ । चन्दननाथ नगरपालिका तलिउम गाउँका धैरैले खरायोको टोपी व्यवसायको प्रमुख माध्यम बनाइरहेका छन् । उनीहरुले पनि मासिक बीस हजार तथा वार्षिक दुई लाख ४० हजार रुपैयाँसम्म खरायोको टोपीबाटै आम्दानी गर्दै आएका छन् । खरायोको टोपीको आकर्षण बढ्दै गएपछि बिक्री पनि त्यसैगरी बढेको हो । कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्माले चन्दननाथ नगरपालिकाको ८ र ९ वडालाई खरायोपालनको 'हब' बनाउनुपर्ने बताए । खरायोपालन गर्ने किसानको समस्या बुझ्न एकसाता अघि उनीहरुको घर जुम्लामै पुगेका मन्त्री शर्माले प्रदेश सरकारको अर्गानिक अभियानमा सहयोग पु¥याउने किसानलाई अनुदान दिइने जनाए । 'व्यावसायिक खरायोपालनबाट यहाँको आर्थिक समृद्धिमा सहयोग पुग्ने देखिन्छ,' उनले भने, 'साना किसानको जीविकोपार्जनमा सुधार ल्याउन भूमिका खेल्ने किसानका लागि उत्पादनमा अधारित अनुदान दिने कार्यक्रम बनाएका छौं', मन्त्री शर्मा किसानका समस्या उनीहरुकै मुखबाट सुन्न चन्दननाथ नगरपालिका तलिउम गाउँका खरायोपालक किसानको घरआँगनमै पुगेका थिए । उनले जुम्लालाई भेडा र खरायोको ऊनमा अनुदान दिइने बताउँदै चन्दननाथ ८ र ९ वडालाई खरायो उत्पदान स्रोत केन्द्रको रुपमा स्थापना गर्न किसानलाई अनुरोध गरे । तलिउम गाउँमा ऊनका लागि अङ्गोरा जातको खरायो पाल्ने गरिएको छ । कृषिमन्त्री शर्माले जुम्लामा भइरहेको खरायोपालन व्यवसायप्रति प्रदेश सरकारको ध्यानाकर्षण भएको बताए । पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाका प्रमुख ज्ञानेन्द्रसिंह बुढ्थापाका अनुसार चन्दननाथ–८ का सबैको घरमा पाँचदेखि २० वटासम्म खरायो पाल्दै आएका धेरै किसानले उद्योगमा दर्ता गरेका छैनन् । उनले भने, 'तलिउम गाउँ खरायोपालनका लागि प्रख्यात भइसकेको छ । व्यवसायीकरण गर्न हामी लागिपरेका छौँ । स्थानीयस्तरमा बनेको टोपीले राम्रै बजार लिएको छ ।'

## धेरैको रोजाइमा खरायोको टोपी




जुम्लामा स्थानीय तथा राष्ट्रियस्तरका जुनसुकै कार्यक्रममा आउने अतिथिलाई मौसमअनुसार स्याउको पोटिलो दाना दिएर स्वागत गरिन्छ भने बेमौसममा साँस्कृतिक प्रयोगमा आउने वस्तुहरुले । यहाँ आउने सबै पाहुनालाई उपहारका रुपमा खरायोको टोपी मायाको चिनो स्वरुप प्रदान गर्ने गरिन्छ । जुम्ला पुग्ने धेरैका लागि खरायोको टोपी रोजाइको विषय बन्दछ । जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार धिमिरेले जुम्लाको खरायोको टोपी पहिचान बनेको बताए । उनले जिल्लाका सरकारी कार्यालयका प्रमुख, उच्च अधिकारीदेखि स्थानीय बासिन्दा तथा घुम्न आउने पर्यटकहरुले समेत कर्णालीबाट फर्किदाको चिनो स्वरुप खरायोको टोपी किन्ने गरेका जनाए । गाउँका सामान्य किसानहरुले कुनै मेसिन अर्थात प्रविधिजन्य उपकरण प्रयोग नगरी टोपी तयार गर्दछन् । ऊन काट्नेदेखि टोपी तयार पार्न उनीहरुले परम्परागत सीप र कौशल प्रयोग गर्दछन् । पहिरिँदा न्यानो, नरम अनि सान देखिने विशेषता बोकेको जुम्लाको खरायोको टोपीको चर्चा देशैभरि हुन थालेको छ । उच्चपदस्थ राष्ट्रसेवक कर्मचारीकाहरुले खरायोको टोपी खोजीखोजी किन्ने गरेको तलिउम गाउँका स्थानीय युवा धर्मसिंह कठायतले बताए । उनीहरुले बुनेको केही टोपी खुद्रा रुपमा बिक्री हुने गरेपनि चन्दननाथ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड जुम्लाले थोक रुपमा खरिद गर्दै आएको छ ।

## किसानलाई तालिम र प्रविधि जरुरी



चन्दननाथका–८ का बिर्खबहादुर धरालाले खरायोपालन गर्दा व्यवस्थापनमा समस्या आएको बताए । सामान्यतया यसको गर्भवस्था जम्मा ३१ दिनको हुन्छ । खरायोमा १२ महिना नै बच्चा उत्पादन गर्ने क्षमता हुन्छ । यसलाई कुनै मौसम तथा वातावरणले असार पर्दैन । खरायोले एक पटकमा करिब सातदेखि १० वटासम्म बच्चा जन्माउन सक्छ भने सात महिनामै वयस्क हुने गर्दछ भन्ने पालेर बुझेको उनले जनाए । धरालाले भने, 'हामीले तालिम पाएका छैनौँ । खरायो कसरी पाल्ने भन्ने कुरा थाहा छैन । यो अब हाम्रो सिकाइको पाटो भइरहेको छ । धरालाका अनुसार व्यावसायिक रुपमा खरायोपालन गर्दै जाँदा भाले र पोथीलाई फरकफरक ठाउँमा राखेर नै प्रजनन गराइन्छ भन्ने जानेका छौँ तर तालिम जरुरी छ ।' उनका अनुसार दाना पिस्ने र ऊन काट्ने मेसिनको माग यहाँ किसानहरुले स्थानीय तथा प्रदेश सरकारसँग गर्दै आएका छन् । स्वरोजगारी निर्माण गर्ने र बाहिरिँदै गएको पैसोलाई आफ्नै ठाउँ भित्र्याउने किसान, व्यापारी तथा उद्योगीहरुलाई राज्यले प्रोत्साहन दिने खालका कार्यक्रम ल्याउनुपर्ने उनीहरुले सुझाव दिएका छन् ।

# माछाका भुरामा परनिर्भरता



**गण्डकी ।**
ह्याचरी फार्मका लागि पूर्वाधार नहुँदा गण्डकी प्रदेश माछाका भुराको उत्पादनमा आत्मनिर्भर बन्न सकेको छैन । मत्स्य अनुसन्धान केन्द्रका अनुसार मागको ५५ प्रतिशत भुरा मात्र प्रदेशभित्र उत्पादन हुन्छ । नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत पोखराको बेगनासमा रहेको केन्द्रमा मात्र माछाको ह्याचरी छ । 'प्रदेशमा अन्यत्र माछाको स्रोत केन्द्र विस्तार हुन सकेन, निजी क्षेत्रबाट पनि ह्याचरीमा अहिलेसम्म लगानी भएको छैन', केन्द्रका प्रमुख मोहम्मद इकवाल हुसेनले भने, 'झण्डै ४५ प्रतिशत माछाका भुरा बाहिरैबाट आउँछ ।' किसानले चितवन, रुपन्देहीलगायत जिल्लाबाट भुरा ल्याएर माछापालन गर्दै आएका छन् । केन्द्रले वार्षिक जम्मा २५ लाख 'ह्याचलिङ' र २५ लाख 'फ्राइ' आकारका भुरा उत्पादन गर्दै आएको छ । अन्यत्र ह्याचरी नहुँदा अनुसन्धानको काममा लाग्नुपर्ने केन्द्र भुराको उत्पादन र बिक्रीमा पनि खट्नुपरेको हो । केन्द्रले सरकारी दररेटमा किसानलाई विभिन्न जातका माछाका भुरा उपलब्ध गराउँदै आएको छ । केन्द्रका सूचना अधिकारी वेचनप्रसाद यादवले कमन कार्फ, ग्रास कार्फ, सिल्भर कार्फ, बिग हेडलगायत जातका माछाको भुरा उत्पादन हुँदै आएको बताए ।

किसानलाई सहर, गर्दीलगायत स्थानीय जातका माछाका भुरा पनि केन्द्रले उपलब्ध गराउँदै आएको छ । 'माछापालन विस्तार भइरहेको छ, प्रदेशमा एउटा मात्र ह्याचरी हुँदा भुराको माग धान्न सकिएको छैन', सूचना अधिकारी यादवले भने, 'यसमा प्रदेश सरकारको पनि ध्यान जानु जरुरी छ ।' अनुसन्धान केन्द्र संघ सरकार मातहत सञ्चालित छ । प्रदेश सरकारले स्याङ्जाको मिर्मिमा स्थापना गरेको मत्स्य विकास केन्द्र नाम मात्रैको भएको यादवले उल्लेख गरे ।

'कार्यालय मात्र खोलेर हुँदैन, पूर्वाधार र जनशक्ति पनि सोहीअनुसार चाहिन्छ', उनले भन्, 'पोखराकै स्तरमा थप ह्याचरी सञ्चालन गर्नसके गण्डकी प्रदेशलाई माछाका भुरामा आत्मनिर्भर बनाउन सकिन्छ ।' मत्स्य विकास केन्द्रको स्वामित्वमा मत्स्य फार्म तथा ह्याचरी सञ्चालनका लागि पहल थालिएको प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ ।

प्रदेश विकास समाधान समितिको बैठकमा पनि यो विषयलाई प्राथमिकता साथ उठाएको मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख डा गृष्म न्यौपानेले बताए ।

# कागती खेतीमा मनग्य आम्दानी



**दाङ ।**
तुलसीपुर उपमहानगरपालिका–३ भट्टे निवासी कर्णबहादुर वली विगत चार वर्षदेखि व्यावसायिक कागती खेतीमा लागेका छन् । सरकारी जागिरबाट पेन्सन भएपछि बचेको समय कृषि पेसामा लागेका वलीले करिब पाँच कट्ठा जमिनमा कागती खेती गर्दै आएका छन् ।

व्यावसायिक तरकारी खेतीसँगै कागती खेतीमा लागेका वलीले आम्दानीसमेत लिन थालेको बताए । पहिलो वर्ष करिब दुई क्विन्टल कागती बिक्री गरेका वलीले यस वर्ष त्यसको दोब्बर बढी फलेको बताए । गत वर्षभन्दा यस वर्ष कागती राम्रो फलेको र अझै फल्नेक्रम भइरहेकाले आम्दानी बढ्ने आशामा उनी छन् । किसान वलीले भने, 'पहिलो वर्ष करिब दुई क्विन्टल कागती बिक्री गरेको थिए, थोरै भए पनि सुरुकै वर्ष राम्रै आम्दानी भएको थियो, यो वर्ष झन धेरै भएकाले आम्दानी बढी हुने आशा छ ।' धेरै मेहनत नलाग्ने र बिक्रीका लागि पनि समस्या नहुने भएकाले कागती खेती गर्न सुरु गरेको वली बताउँ छन् ।

कागती खेतीबाट राम्रो आम्दानी हुने देखेपछि बर्सेनि बोटसमेत बढाउँदै लग्ने सोचमा रहेको उनी बताउँछन् । उनले भने, 'चार वर्षअघि ८० बिरुवा रोपेर व्यावसायिक कागतीखेती सुरु गरेको थिएँ, तर पाँच वटा बिरुवा सुरुमै मरेपछि ७५ मात्रै बिरुवा बचे, अहिले तिनै बिरुवा फल्न सुरु गरेका छन् । त्यसमा गत वर्ष फेरि २५ विरुवा थप गरेर सय बिरुवा पु¥याएको छु ।'उनले उपमहानगरपालिकाको कृषि शाखाले अनुदानमा निःशुल्करुपमा ८० बिरुवा उपलब्ध गराएपछि पहिलो वर्ष रोपेका थिए । जिल्लामा कागती बिक्रीका लागि कुनै समस्या नरहेको उनी बताउँछन् । उनले भने, 'पछिल्लो समय कागतीको माग बढ्दै गएको छ, मागको तुलनामा जिल्लामा उत्पादन नहुँदा बाहिरबाट आउने गरेको छ, कागती बिक्रीका लागि समस्या छैन, जति उत्पादन गरे पनि बिक्री हुने अवस्था छ ।'उनी कागती खेतीसँगै व्यवसायी तरकारी खेतीसमेत गर्दै आएका छन् । झण्डै २८ वर्ष राष्ट्रिय अनुसन्धानमा जागिरे जीवन बिताएका ५२ वर्षीय वलीले एक बिघा जमिनमा तरकारी र फलपूmलखेती गरेका छन् । प्राङ्गारिक मलको प्रयोग गरेर तरकारीखेती गर्दै आएका वलीले व्यावसायिक टमाटर खेतीका लागि १६ टनेलभित्र थोपा सिँचाइको समेत व्यवस्था गरेर टमाटरखेती गर्दै आएको बताए । आफूले मात्रै खेतीमा नभ्याउने भएकाले तरकारी रोप्ने, गोडमेल र टिप्ने समयमा मानिस लगाउने गर्ने गरेको वलीले बताए । उनले भने, 'कागती र तरकारीखेती राम्रो हुँदै गएको छ, कामको आवश्यकताअनुसार मानिस पनि लगाउने गरेको छु ।' रासायनिक मल प्रयोग नगर्ने र खासगरी बेमौसमी टमाटर उत्पादन गर्ने भएकाले टमाटर बिक्रीमा समस्या नभएको उनी बताउँछन् । उनका अनुसार भट्टे पूरै गाउँमा कसैले पनि तरकारी खेतीमा रासायनिक मलको प्रयोग नगर्ने गरेको बताए । रासायनिक मलको विकल्पमा किसानले भर्मी कम्पोष्ट मल खेतीमा प्रयोग गर्ने गरेका छन् । (रासस)

# हाइअल्टिच्युडमा फुटबल प्रतियोगिता



**रासस**
**मनाङ ।**
हिमाली जिल्ला मनाङको लेक लाग्ने (हाइअल्टिच्युड) स्थानमा मैत्रीपूर्ण फुटबल प्रतियोगिता आजदेखि तिमाङमा सुरु भएको छ । मनाङको चामे गाउँपालिका–१ तिमाङ खेलमैदानमा प्रतियोगिता गरिएको हो । जलवायु परिवर्तनका कारण धेरै समस्या देखा पर्न थालेपछि मनाङका स्थानीयवासीले खेलको माध्यमबाट जनचेतना प्रदान गर्नका लागि मैत्रीपूर्ण फुटबल प्रतियोगिता गरेको नमस्ते टुर्सका सञ्चालक एवं पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले जानकारी दिए ।

उनका अनुसार हिमाललाई सन्तुलनमा राख्न भूमिका खेल्ने उद्देश्यले हिउँ चितुवाको बासस्थान जलवायु परिवर्तनले प्रभाव पर्दा लोप हुने अवस्थामा रहेकाले चितुवा संरक्षण र जलवायु परिवर्तनसम्बन्धी सचेतना फैलाउन खेलको माध्यमबाट प्रचारप्रसार गर्न लागिएको हो । समुद्री सतहबाट दुई हजार नौ सय मिटर उचाइमा हिउँ चितुवा र याक संरक्षण गर्ने उद्देश्यले भदौ २५ देखि २७ गतेसम्म सञ्चालन हुने उनले बताए ।

बायोकोसका निर्देशक पारसविक्रम सिंहले मानव तथा वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरणमा चासोका साथ प्रकृतिको संरक्षणलाई सम्मान गर्दै स्थानीयसमक्ष लोपोन्मुख हिउँ चितुवालगायतका वन्यजन्तुको संरक्षणमा जनचेतना जगाउन कार्यक्रमले भूमिका अपेक्षा गरिएको बताए । उनले भने, 'मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण र जलवायु परितर्वनले हिमाली क्षेत्रमा पारिरहेको प्रभावलाई सुसूचित गर्दै पर्यटन प्रवद्र्धनमा टेवा पुग्नेछ ।' एन्ट फाउन्डेसन, वाइल्ड फ्री र बायोकोसद्वारा मैत्रीपूर्ण फुटबल आयोजना गरिएको हो ।

मनाङको तिमाङ, पिसाङ र मुङ्जी मैदानमा हरि खड्का, अनिल गुरुङ, निरु थापा, अस्मिता रान्पाल, सीता तामाङ, उपेन्द्रमान सिंहलगायतका खेलाडीले फुटबल खेलिरहेका गुरुङले जानकारी दिए । हाइअल्टिच्युडमा भएको प्रतियोगितामा मिस नेपाल वल्र्ड २०२३ श्रीच्छा प्रधान फुटबल खेल्नुभएको छ । कोरियोग्राफर तथा मोडल एवं एन्ट फाउन्डेसनका निर्देशक प्रशान्त ताम्राकारले हिमाली क्षेत्रका लोपोन्मुख जनावरको संरक्षणका निम्ति मैत्रीपूर्ण खेलमार्फत सचेतना प्रदान गर्न प्रतियोगिता आयोजना गरिएको बताए । उनका अनुसार कलाकार, खेलाडी र स्थानीय खेलाडीबीच मैत्रीपूर्ण फुटबल सुरु भएको हो ।

स्थानीय क्लब टिम काजिनसरा याक, पिसाङ याक र मनाङ याकबीच प्रतिस्पर्धा हुनेछ । सोमबार पहिलो दिन काजिनसरा याक र हिमालय स्नो लियोप्याडबीच प्रतिस्पर्धा भएको छ । हिमालयन स्नो लियोप्याडले ४–३ गोल गरेको छ । दोस्रो दिन पिसाङमा र तेस्रो दिन मुङ्जी भ्राकामा प्रतिस्पर्धा हुनेछ । वन्यजन्तु संरक्षण गर्नलाई खेलको माध्यमबाट अभिप्रेरित गर्ने लक्ष्य लिइएको छ ।

# खेतमै सुक्यो धान, चिन्तामा किसान



**रासस**
**बेदकोट ।**
कञ्चनपुरको पुनर्वास नगरपालिका–५ उद्रीका देव बोगटीले १० कट्ठा जमिनमा धानखेती गरेका थिए । अहिले खेती पूरै सखाप भएको छ । धानका बाटो सुकेका छन् । केही बोट रातो–पहेँलो भएका छन् । साउनमा दोदा नदीको बाढी खेतमा पसेपछि धानबाली सुक्दै गएको बोगटी बताउँछन् ।

'बाढीपछि एकाएक धान सुक्न थाल्यो, विषादी छर्कियौँ तर सुधार भएन', उनले भने, 'आधा बिघा अधिया पनि बनाएका थियौँ, त्यहाँ पनि सबै बाली सखाप छ ।'

पुनर्वास –५ उद्रीकै मोहन रानाको तीन बिघा जमिनको धानबाली खेतमै नष्ट भएको छ । उनले पाँच बिघा जमिनमा धानखेती गरेका थिए । साउन तेस्रो साता दोदा नदीमा आएको बाढी बस्तीसम्मै पुगेर डुबान भएको थियो । डुबान भएको पानी घटेपछि एकाएक धानबाली सुक्न थालेको हो ।

'बाढी पसेको दुई÷तीन दिनपछि पानी घट्यो, त्यसपछि धान सुक्न थाल्यो', उनले भने, 'तीन बिघाको पूरै सुकिसक्यो ।' उनका अनुसार पानी जमेको ठाउँमा दुई÷तीन दिनसम्म गन्ध आइरहेको थियो भने पानी पनि कालो थियो । कृषि गरेर वर्षभरि खानलाई जोहो गर्ने किसान धानबाली खेतमै सुकेपछि चिन्तित छन् । 'धान सुकेर खेतमै पूरै नष्ट भएको छ, त्यहीको उब्जाउ खाने र बाँकी बेचेर घरखर्च चलेको थियो', किसान रामकिसन चौधरीले भने, 'अब के खाने ? कसरी बालबच्चा पाल्ने ? समस्या छ ।' डेढ बिघामा ५० बोरा धान फलाउने गरेको र त्यसैबाट वर्षभरि खान अनि परिवारको खर्चको जोहो गर्ने गरेको उनले बताए । 'रोपाइँमा लागेको खर्चसमेत उठाउन गाह्रो छ', उनले भन्नुभयो, 'अरुबेला पनि बाढी आउथ्यो, तर यस्तो क्षति गरेको थिएन्, यसपटक एक्कासी धान कसरी सुक्यो थाहा भएन ।' पुनर्वास नगरपालिकाको सिमरी, उद्री, परासन र दोदा नदी किनारकै तीन सय बिघाभन्दा बढीको धानबाली सुकेर र कुहिएर सखाप भएको छ । खेत नजिकै रहेको भागेश्वर सुगर मिलले छाडेको केमिकल नालामा मिसिएर त्यही पानीले धान सुकेको किसानको भनाइ छ ।

सुगर मिलले सिमरी नाला छेउमै डस्ट राखेको र त्यसबाटै केमिकल नालामा मिसिएर खेतमा पुगेको रमेश रानाले बताए । 'सुगर मिलबाट केमिकल बगेर खेतमा पुग्यो, त्यसपछि धान र उखु सुकेको हो', उनले भन्, 'यो ठाउँ जहिल्यै बाढी लाग्ने र डुबान हुने हो, अहिलेसम्म यसरी धान र उखु कहिल्यै सुकेको थिएन ।' कृषि ज्ञानकेन्द्र कञ्चनपुरले क्षति भएको धान र क्षेत्रमा जमेको पानीको नमुना सङ्कलन गरी परीक्षणका लागि काठमाडौँ पठाएको छ ।

'परीक्षण रिपोर्ट आएको छैन, धान क्षतिको विवरण सङ्कलन भइरहेको छ', कृषि ज्ञान केन्द्रका सूचना अधिकारी हरिदत्त जोशीले भने, 'दुई सय हेक्टरभन्दा बढी जमिनमा क्षति पुगेको अनुमान छ ।'

# तरकारी खेतीबाट २५ लाख आम्दानी




**रासस**
**कञ्चनपुर ।**
कञ्चनपुरको भीमदत्त नगरपालिका–११ भुजेलाका वीरबहादुर खड्काले व्यावसायिकरुपमा तरकारी खेती गरेर वार्षिकरुपमा २५ लाख रुपैयाँ बढी आम्दानी गर्दै आएका छन् । डेढ दशकदेखि तरकारी खेतीमा संलग्न खड्काले दुई बिघा १० कट्ठा जग्गामा खेती गर्दै आएका हुन् । दश कठ्ठा मात्रै आफ्नो जग्गा भएका बताउँदै उनले दुई बिघा तरकारी खेतीका लागि भाडामा लिएको जानकारी दिए । उनका अनुसार वार्षिक एक सय टन बढी तरकारी उत्पादन हुने गरेको छ । मौसमी र बेमौसमी तरकारी उत्पादन गर्दै आएको भन्दै खड्काले अहिले खेतमा काउली, बन्दा, गोलभेडा, सुर्खानी, भान्टा, मुला, सिमला मिर्च, हरियो र धनियाँ लगाइएको बताए । 'केही महिनाअघि मात्रै हरियो धनियाँ र सागपात मात्रै दुई लाख रुपैयाँ बढीको बिक्री भएको छ', उनले भने, 'वर्षमा १० लाख रुपैयाँबढीको काउली मात्रै बिक्री हुने गरेको छ ।' उत्पादित तरकारी महेन्द्रनगर बजार पुर्याएर बेच्दै आएको उनले बताए । खड्का वडाका एक्ला व्यावसायिक तरकारीखेती गर्ने किसानका रुपमा रहेका छन् । तरकारी खेतीसम्बन्धी तालिम नलिएको जनाउँदै खड्काले अरुका बारीमा तरकारीका लागि खेत तयार गर्ने र लगाउने गरेर सिकेको बताए । त्यसरी सिकेको सीपलाई निरन्तरता दिँदै आएको उनको भनाइ थियो । 'कुनै निकायबाट तरकारी खेतीसम्बन्धी सीप सिक्ने अवसर पाइएन', खड्काले भने, 'गर्दै जाँदा सिकिँदोरहेछ । तालिम नलिए पनि तरकारी खेतीमा अरुभन्दा कम छैन । यसैबाट जीविकोपार्जन भइरहेको छ ।' किसान परियोजना–२ बाट एउटा सिँचाइका लागि बोरिङ र सुदूरपश्चिम क्षेत्रीय कृषि निर्देशनालयबाट ५० प्रतिशत अनुदानमा एउटा खेत जोत्ने पावर टिलर सहयोग पाएको उनले जानकारी दिए । 'तरकारी खेतीका लागि अन्य अनुदान पाइन्छ भन्छन् त्यो पनि पाएको छैन, आफ्नै सीप र पौरखमा तरकारी खेतीलाई अगाडि बढाउँदै आएका छौँ', उनले भने । तरकारी खेतीबाट आएको आम्दानीले १२ जनाको संयुक्त परिवारको जीविकोपार्जन भएको जनाउँदै खड्काले पक्की घरसमेत बनाएको बताए । 'छोरा, बुहारी, म र श्रीमती बिहानदेखि साँझसम्म तरकारी बारीमा काम गरिरहेको हुन्छौँ', उनले भने, 'खेतीमा सिँचाइ गर्ने, गोडमेल गर्ने, तरकारी टिप्ने र बजारसम्म लगेर बिक्री गर्ने कार्यमा व्यस्त हुन्छौँ ।' तरकारीखेती गर्नु अघि खड्काले स्वामित्वको जग्गामा अरु किसानले झैँ धान, गहुँ खेती लगाउने गर्थे । परिवारका लागि वर्षभरि खान पनि मुश्किलले पुग्ने गर्दथ्यो । घर खर्च चलाउनका लागि १५ लाख रुपैयाँसम्म ऋण लागेको उनले सुनाए । 'सुरुआतमा एक कट्ठा जग्गामा तरकारीखेती गर्यौं । २५ हजार रुपैयाँ आम्दानी भयो, धान, गहुँभन्दा निकै आम्दानी हुने भएपछि तरकारी खेतीको क्षेत्रफल बढाउँदै लग्यौँ', खड्काले भने, 'आम्दानी बढ्दै गयो, घर खर्च चलाउन लिइएको ऋण तिर्न भ्यायौँ ।' केही वर्षदेखि जग्गा भाडामा लिएर तरकारीखेती गर्न थालेपछि आम्दानी थप बढ्न थालेको उनको भनाइ थियो ।

# भारतीय प्रधानमन्त्री र साउदी युवराजबीच वार्ता



**एएनआई**
**नयाँदिल्ली ।**
साउदी अरबका युवराज मोहम्मद बिन सलमान अल साउद र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच सोमबार नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र साउदी अरबका युवराजले रणनीतिक साझेदारी परिषद्का दुई मन्त्रीस्तरीय समिति अर्थात् राजनीतिक, सुरक्षा, सामाजिक तथा सांस्कृतिक सहयोग समिति र आर्थिक तथा लगानी सहयोगसम्बन्धी समितिअन्तर्गत भएका प्रगतिको समीक्षा गर्नेछन् । प्रधानमन्त्री मोदी र साउदी अरबका युवराजबीच राजनीतिक, सुरक्षा, रक्षा, व्यापार र आर्थिक, सांस्कृतिक र जनस्तरको सम्बन्धलगायत द्विपक्षीय सम्बन्धका सबै पक्षमा छलफल हुनेछ । दुवै नेताबीच पारस्परिक हितका क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमा पनि छलफल हुनेछ । साउदी युवराजका साथ मन्त्रीहरू र वरिष्ठ अधिकारीहरूसहित एक उच्च स्तरीय प्रतिनिधिमण्डल छ । प्रधानमन्त्री मोदीसँग भेटवार्ता गर्नुअघि साउदी अरबका युवराजलाई राष्ट्रपति भवनमा औपचारिक स्वागत गरिएको थियो । यसैबीच, मोहम्मद बिन सलमानले एक संक्षिप्त वक्तव्यजारी गर्दै जी–२० को सफल अध्यक्षताका लागि भारतलाई बधाई दिएका छन् । पत्रकारहरूसँग कुरा गर्दै उनले भने, 'राम्रो कामका लागि भारतलाई उच्च सम्मान छ । धेरै घोषणाहरू गरिएका छन् जसले हाम्रा देशहरू, जी–२० सदस्य राष्ट्र र सम्पूर्ण विश्वलाई फाइदा पु¥याउनेछ ।' उनले भने, 'राम्रो भयो र हामी दुवै देशको भविष्य निर्माण गर्न काम गर्नेछौं ।'

जी–२० नेताहरूको शिखर सम्मेलनमा भारत, संयुक्त राज्य अमेरिका, साउदी अरब र युरोपियन युनियनले भारत–मध्य पूर्व–युरोप सामान आपूर्ति र रेलवे कनेक्टिभिटी करिडोर सुरु गर्न ऐतिहासिक सम्झौताको घोषणा गरेका छन् । भारत, संयुक्त अरब इमिरेट्स, साउदी अरब, ईयू, फ्रान्स, इटाली, जर्मनी र अमेरिकासम्मिलित कनेक्टिभिटी र पूर्वाधारमा सहयोगका लागि यो ऐतिहासिक र पहिलो पहल हो । जी–२० शिखर सम्मेलनमा बोल्दै राजकुमार बिन सलमानले भने, 'हामी यस बैठकमा घोषणा गरिएको पहल र आर्थिक करिडोर परियोजनाको एकीकरणको लागि तत्पर छौं । यो महत्वपूर्ण आर्थिक करिडोर स्थापनाका लागि यो चरणमा पुग्न हामीसँग काम गर्ने सबैलाई म धन्यवाद दिन चाहन्छु ।' भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस सम्झौताले विश्वभर कनेक्टिभिटी र दिगोपनालाई दिशा प्रदान गर्ने बताएका छन् ।

यसअघि साउदी अरबका युवराजले सन् २०१९ को फेब्रुअरीमा भारतको राजकीय भ्रमण गरेका थिए । द्विपक्षीय भेटवार्तामा भारतीय विदेशमन्त्री एस जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाललगायत सहभागी थिए । भारतको तीन दिने राजकीय भ्रमणमा आएका साउदी अरबका युवराज तथा प्रधानमन्त्री जी–२० शिखर सम्मेलनमा सहभागी भएका थिए । दुवै नेताले रणनीतिक साझेदारी परिषद्को प्रथम बैठकको सह–अध्यक्षता पनि गर्नेछन् ।

# 'बल प्रयोग' नगर्न सुझाव

**सिन्ह्वा**
**हनोई ।**
संयुक्त राज्य अमेरिका र भियतनामले विवादित दक्षिण चीन सागरमा चिनियाँ पानीजहाजबीच भएको पछिल्लो झडपको केही दिनपछि सोमबार 'बल प्रयोग' नगर्न चीनसँग आग्रह गरेका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेन र भियतनामको कम्युनिस्ट पार्टीका प्रमुख गुयेन फु ट्रोङले रणनीतिक जलमार्गमा प्रतिस्पर्धात्मक दाबीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार समाधान गरिनुपर्ने बताएका छन् । बेइजिङले वार्षिक खरबौं डलरको व्यापार हुने लगभग सम्पूर्ण समुद्रमाथि आफ्नो दाबी गर्दै आएको छ ।

चीनको दावीमाथि कुनै कानुनी आधार नभएको र अन्तर्राष्ट्रिय अदालतको फैसलालाई चीनले बेवास्ता गरेको उनीहरूले बताएका छन् । बाइडेन र ट्रोङले जारी गरेको संयुक्त वक्तव्यमा भनिएको छ, 'नेताहरूले धम्की वा बल प्रयोग बिना नै अन्तर्राष्ट्रिय कानूनअनुसार विवादको शान्तिपूर्ण समाधानका लागि आफ्नो अटुट समर्थनलाई जोड दिएका छन् ।'




उनीहरूले 'दक्षिण चीन सागरमा नेभिगेसन र ओभरफ्लाइट र निर्बाध वैध व्यापारको स्वतन्त्रता'को लागि पनि आह्वान गरेका छन् । दुई नेताले यस क्षेत्रमा चीनको बढ्दो आक्रामकताको सामना गर्ने तरिकाको रूपमा व्यापक रूपमा हेरिएको सहयोगलाई अझ प्रगाढ बनाउने सम्झौता गरेको एक दिनपछि यो वक्तव्य आएको हो । व्यापार, सुरक्षा, मानव अधिकार र जलवायु परिवर्तनलगायत विविध विषयमा वासिङ्टन र बेइजिङबीच विवाद भइरहेको छ र चिनियाँ प्रभावको सामना गर्न आफ्ना सहयोगीहरूको सञ्जाल बढाउन खोजिरहेको छ । गत साता फिलिपिन्सले चिनियाँ तटरक्षक बल र 'लडाकू' डुङ्गाले सेकेन्ड थोमस शोलमा फिलिपिनो सेनालाई आपूर्ति गर्ने क्रममा आफ्नै दुई तटरक्षक जहाजलाई सताएको आरोप लगाएको थियो । फिलिपिन्सको नौसेनाले सन् १९९९ मा पानीमा चीनको प्रगति रोक्नका लागि जानीजानी एउटा पुरानो जहाजलाई सोलमा ग्राउन्डेड गरेको थियो । चीनले दक्षिण चीन सागर र झुण्डको चट्टानमा गस्ती गर्न सयौं जहाजहरू तैनाथ गरेको छ । लामो समयदेखि अमेरिकाको सहयोगी रहेको फिलिपिन्सको स्प्राट्ली टापुका नौ वटा चट्टान र टापुमा चौकी छन्, जसलाई भियतनामले प्यारासेल टापुसँगै दाबी पनि गरेको छ ।

मनिलाका अनुसार चिनियाँ तटरक्षक बल र नौसेनाका जहाजहरूले फिलिपिन्सका डुङ्गाहरूलाई विवादित जलक्षेत्रमा नियमित रूपमा रोक्छन् । मनिला र बेइजिङबीच गत महिना तनाव तब चर्कियो जब चिनियाँ तटरक्षक बलका जहाजहरूले फिलिपिन्सको पुनः आपूर्ति मिसनविरुद्ध पानीको तोप प्रयोग गरेको र यसले गर्दा एउटा डुङ्गाले आफ्नो कार्गो ढुवानी गर्न सकेको थिएन ।

# चक्रवातबाट ४४ जनाको मृत्यु



**सिन्ह्वा**
**ब्राजिल ।**
ब्राजिलको दक्षिणी भागमा गत साता आएको चक्रवातका कारण ४४ जनाको मृत्यु हुनुका साथै अन्य ४६ जना बेपत्ता भएको नागरिक सुरक्षा निकायले जनाएको छ । आँधीका कारण अर्जेन्टिना र उरुग्वेसँग सीमा जोडिएको रियो ग्रान्डे डो सुल राज्यका ६० वटा शहर र छिमेकी राज्य सान्टा क्याटारिनाका केही क्षेत्रमा सोमबारदेखि मुसलधारे वर्षा, प्रतिघण्टा ११० किलोमिटरभन्दा बढीको हावाहुरी, बाढी र पहिरो गएको थियो । तीमध्ये एक जनाबाहेक सबै जनाको मृत्यु रियो ग्रान्डे डो सुलमा भएको थियो, जहाँ २२४ जना घाइते भएका थिए भने १४ हजारभन्दा बढीलाई सुरक्षित स्थानमा सारिएको थियो ।

सबैभन्दा बढी प्रभावित शहर मुकुममा १६ र रोका सेल्समा १० जनाको मृत्यु भएको छ । ब्राजिलका उपराष्ट्रपति गेराल्डो अल्कमिनले आइतबार क्षेत्रको भ्रमण गरी चक्रवातबाट प्रभावित प्रत्येक व्यक्तिलाई करिब १६० अमेरिकी डलर क्षतिपूर्ति दिने सरकारको योजनाको घोषणा गरेका छन् । ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले जलवायु परिवर्तनका परिणामहरूको सामना गर्न आवश्यक चरम मौसमी घटनालाई वातावरणीय एजेन्डासँग जोडे ।



४५ हजार साइकलबाट भारतका २० राज्य तथा भुटान सम्म यात्र गर्ने मेहुल लखानीलाई मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले खादा लगाएर स्वागत गरेका छन् । भारतको मध्यप्रदेश निवासी मेहुल लखानी पर्यावरण बचाउन,योग शिक्षालाई लिएर योग दिवसबाट साईकल यात्रा सुरु गर्दै सोमबार जनकपुरधाम पुगेका हुन् । *तस्विरः मिश्रीलाल मधुकर*

# गौर हत्याकाण्ड उचालेर संघीयता धरापमा पार्न खोजियो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
१७ वर्ष अघि भएको गौर हत्याकाण्डको घटना हुनु दुःखद रहेको एक कार्यक्रममा वक्ताहरुले दावी गरेका छन् ।
सोमबार जनकपुरधाममा नेपाल बौद्धिक पेशाकर्मी महासंघ मधेश प्रदेशले आयोजना गरेको गौर घटनाः यथार्थ र भ्रम विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले तत्कालीन माओवादीका नेता प्रभु साह र माओवादी पीडितहरुको आक्रोशको कारण गौरहत्या काण्ड जस्तो जघन्य घटना भएको वक्ताहरुले बताएका हुन् ।
तत्कालिन माओवादी नेता प्रभु साह को दम्भ र माओवादी पिडितहरुको आक्रोश को उपज रहेको एक कार्यकममा दावि गरिएको छ । मधेश प्रदेशका पुर्वमुख्यमन्त्री लालबाबु राउतले १७ वर्ष अघिको घटनालाई अहिले उचालेर संघीयतालाई संकटमा पार्न खोजिएको आरोप लगाएका छन् ।
तत्कालिन मधेशी जनअधिकार फोरमको केन्द्रिय निर्णय अनुसार एक महिना अघि



नै गौर राइस मिलमा विरोधसभा आयोजना गर्ने निर्णय गरेको भए पनि प्रभु साहले आफ्नो दम्भ देखाउन सोही ठाउँमा कार्यक्रम गरेपछि यस्तो घटना भएको उनको भनाइ छ । त्यतिबेला विभिन्न स्थानमा फोरमको विरोधसभा विथोल्दै आएका माओवादीले गौरको कार्यक्रम समेत विथोल्ने योजना बनाएपछि माओवादी पीडितहरुको आक्रोशका कारण हत्या हिंसा भएको उनले जिकिर गरे । स्थानिय माओवादी पिडितहरुले प्रतिकार नगरेको भए फोरमका नेता कार्यकर्तालाई ठुलो क्षति बेहोर्नुपर्ने सम्भावित खतराबाट टरेको उनी बताउँछन् ।
बौद्धिक पेशाकर्मी महासंघ मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खडगाको अध्यक्षतामा भएको यस अन्तरक्रिया कार्यक्रममा मधेश सरकारका पूर्व आन्तरिक मामिला मन्त्री ज्ञानेन्द्र यादव, घटनाका प्रत्यक्ष दर्शी शिवलाल पटेललगायतका वक्ताहरुले गौरहत्या काण्डमा तत्कालीन फोरमको कुनैपनि कमीकमजोरी नरहेको जिकिर गरे ।

# विदेह नगरपालिकामा मन्दिर भत्काएको विरोधमा प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको विदेह नगरपालिकामा मन्दिर तोडफोड गरेको भन्दै स्थानीयहरुले विरोध गरेका छन् ।
स्थानीय विद्यालय अवस्थित सडक छेउमा रहेको मन्दिर सडक फराकिलो पार्ने नाममा तोडफोड गरेको भन्दै स्थानीयवासीहरुले सोमबार विदेह नगरपालकाका मेयर बेचन दासको विरोधमा प्रदर्शन गरेका हुन् । उनीहरुले हुलाकी राजमार्ग अवरुद्ध गर्दै सडकमा आगो बालेर विरोध प्रदर्शन गरेका छन् । मन्दिर भत्काऐको विरोधमा स्थानीय तथा हिन्दूवादीको एक समुहले संयूक्तरुपमा विरोध प्रदर्शन गरेको मनिष हिन्दुले जानकारी दिए ।
उनले मन्दिर र मन्दिरको वरिपरि रहेको वृक्ष तथा बिरुवाहरुसमत उखालेर फ्यालिदिको आक्रोशमा विदेह नगरपालिकाका मेयर बेचन दासको विरोधमा प्रदर्शन गरेको बताए । उनले तत्काल मन्दिर पुनःनिर्माण गर्नुपर्ने मागसमेत गरे । मेयर दासको निर्देशनमा स्थानीय प्रहरी प्रशासनको मिलिभगतमा मन्दिर भत्काइएको प्रदर्शनकारीहरुको आरोप छ ।

# कुटपिट तथा ज्यान मार्ने धम्की दिएको भन्दै उजुरी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा एक महिलाले कुटपिट तथा ज्यानमार्ने धम्की दिएको भन्दै आफनै भतिजमाथि उजुरी दिएकी छन् ।
जनकपुरधाम उपमहानगरपालिका–२१ कुर्था की ७५ वर्षीया शान्ति देवि चमैनले आफूलाई कुटपिट तथा ज्यान मार्ने धम्की दिएको भन्दै ४५ वर्षीय भतिजा भोला महरा विरुद्ध जिल्ला प्रहरी कार्यालयमा भदौ २२ गते उजुरी दिएकी हुन् । आरोपितले पीडितलाई भदौ ५ गते अंशबण्डाको विषयमा विवाद हुँदा पीडितलाई कुटपिट गरी ज्यान मार्ने धम्की समेत दिएको पीडितको आरोप रहेको छ । पीडित महिलाको स्वास्थ्य उपचार सोही दिन स्थानीय स्वास्थ्य चौकी कुर्थामा भएको थियो । घटना बारे अनुसन्धान गरी दोषीलाई कानुन बमोजिको कारबाही गर्ने जिल्ला प्रहरी कार्यालयका डिएसपी वेदप्रसाद गौतमले जानकारी दिए ।




# सांस्कृतिक जनमत संघको केन्द्रीय संयोजकमा सन्तोषराज



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टी निकट सांस्कृतिक जनमत संघको केन्द्रिय संयोजकमा संतोषराज सहनी चयन भएका छन् ।
सोमबार आयोजित एक कार्यक्रमबीच जनमत पार्टीले सांस्कृतिक जनमत संघको केन्द्रिय समिति घोषणा गर्दै संतोषराज सहनीलाई केन्द्रिय संयोजकको जिम्मेवारी दिएको हो । त्यसैगरी सहसंयोजकमा सेलिना कुँवर,सचिन पटेल,अरुण कान्त यादव , सचीवमा बन्दे प्रसाद साह ,सहसचिवमा नितु पटेल,बिमल साह,राम नरेश सहनी रहेको छ ।भने कोषाध्यक्षमा तनुजा चौरसिया रहेकी छन् । जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सीके राउतको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो ।सो कार्यक्रममा जनमत पार्टीका राष्ट्रिय सचिव तथा मधेश प्रदेशका सांसद संजय यादव,पार्टीका कोषाध्यक्ष सुरेन्द्र नारायण यादव,राष्ट्रिय प्रवक्ता डा.शरद सिंह यादव,चिकित्सक जनमत संघका केन्द्रिय संयोजक डा.सीके सिंह,नेता आर के राउत र पार्टीकी महिला नेत्री सरिताश्री ज्ञवालीको उपस्थित समेत रहेकी थिइन् । सो कार्यक्रम विभिन्न पार्टी परित्याग गरि सयौं जना नेता कार्यकर्ताहरुको र कलाकारहरु जनमत पार्टी प्रवेश गरेका हुन् ।

# मारवाडी युवा संगठनले कृत्रिम हातखुट्टाको लगाए शिविर



मिश्रीलाल मधुकर
जनकपुरधाम ।
राष्ट्रिय मारबाडी युवा संगठन तथा नारायण सेवा संस्थान उदयपुरको प्राविधिक सहयोगमा जनकपुरधाममा कृत्रिम अंग –हातखुटा)का लागि एक दिवसीय शिविरको आयोजना गरेको छ ।
सोमबार आयोजना गरिएको शिविरमा नारायण सेवा संस्थान उदयपुर भारतबाट प्राविधिकको टोली आएका थिए । कार्यक्रममा प्रमुख अतिथि रमेश मुरारकाले नारायण सेवा संस्थान उदयपुरले कृत्रिम अंग दिएर नर नै नारायण हो भनेर सावीत गरेको बताए । उनल मारबाडी युवा संगठनको प्रशंसा गर्दै युवा संगठनले समाजीक कार्यहरुमा पनि आफनो दक्षता देखाउनु आउने युवाहरुकालागि उदाहरणीय हुने बताए । मारवाडी सेवा समिति लहानका अध्यक्ष सुनिल सिंघचीको अध्यक्षतामा भएको शिविरमा क्षेत्रीय सभापति राहुल सिंघानिया, केन्द्रीय सदस्य चेतन मुरारका, मारबाड़ी युवा मंच लहानका अध्यक्ष राहुल शारदा लगायतले आ आफनो मन्तव्य राखेका थिए । शिविरको संयोजक विवेक अग्रबाल र रुपेश खैतान रहेको बताइएको छ ।

# ‘पैतृक सम्पतिमाथि कब्जा गरेर घरबारविहीन बनाइयो’

अदालतमा बदरका लागि मुद्दा दिएपछि अदालतबाट बदरको फैसला भएको थियो र सोहि बमोजीम बहिनीहरुले सम्पतिको आधा हिस्सा पाएको तर बाकि रहेको सम्पति भाउजुले आफनो छोरा रामबाबु महतोको नाउमा गरिदिएपछि तीन भाई मध्ये दुई भाई घरबार विहिन भएको बताए ।

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पैतृक सम्पतिमाथि आफनै भाईका छोराले अनावश्यक कव्जा गरि आफुहरुलाई घरबार विहिन बनाएको र न्याय माग्न जाँदापनि कहि कतैबाट सहयोग नपाएको एक व्यक्तिले गुनासो गरेका छन् ।
विदेह नगरपालिका वडा नं ७ गिदहा टोलका गंगा प्रसाद महतोले सोमबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै न्यायका लागि सम्वन्धित निकाय पुग्दा समेत आफुले न्यान नपाएको गुनासो गरेको हो ।
महतोका अनुसार आफना पिता दुई भाइरहेको र आफनो हजुरबुवाको नाउमा रहेको जग्गा दुवै भाईलाई आधा आधा गरि बाडेको बताउदै उनले पिताको देहान्तपछि आफनो काका पक्षमा बहिनीहरुलाई आधा सम्पति र आफनो पक्षमा आफु लगायत तीन भाईमा आधा सम्पति वितरण गरिएको थियो तर आफनी भाउजु चन्द्रकला देवीले तत्कालिन प्रधानपञ्चलाई आफनो प्रभावमा पारि सम्पुर्ण जग्गा आफनो हकमा गराउन सफल भएको बताए । त्यसपछि काकापक्षका बहिनीहरुले



अदालतमा बदरका लागि मुद्दा दिएपछि अदालतबाट बदरको फैसला भएको थियो र सोहि बमोजीम बहिनीहरुले सम्पतिको आधा हिस्सा पाएको तर बाकि रहेको सम्पति भाउजुले आफनो छोरा रामबाबु महतोको नाउमा गरिदिएपछि तीन भाई मध्ये दुई भाई घरबार विहिन भएको बताए ।
महतोका अनुसार आफु तिन भाई मध्ये बैधनाथ महतोका छोरा रामबाबु महतोले जग्गा कव्जा गरेर आफु र आफना सानो भाई सुर्यनारायण साहलाई पैतृिक सम्पति आफनो रहेको भन्दै दुवैभाईलाई पैतृक सम्पति रहेको घरमा समेत पस्न नदिने गरेको बताए ।
सो जग्गाको किताकाट गर बराबर बराबर तीनै भाईमा वितरण गर्नका लागि आवश्यक कागजात सहित नापी कार्यालय धनुषा पुग्दा समेत नापी प्रमुखले आफुहरुको कुरा पनि सुन्न नचाहेको बताए । आफुहरुले जवरजस्ती कव्जा गर्न नचाहेको बताउदै महतोले कानुन बमोजीम हकभोगका लागि कानुन सम्मत कार्य गरेपछि आफुहरु घरबार विहिन बनेको उनको भनाई थियो ।
दुई किता गरि कुल साढे ११ कठठा रहेको सो जग्गाको हकभोग अहिले आफनो ठुलो भाईको छोरा रामबाबुले गर्दै आएको र आफुहरुलाई हकभोग टाढाको कुरा,त्यस सम्पतिमा पस्न समेत नदिएको उनको दुखेसो रहेको थियो ।

# चिनियाँ राजदूतविरुद्ध काठमाडौँमै नाराबाजी




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय एकता अभियानले नेपालका लागि चिनियाँ राजदूत चेङ सोङविरूद्ध नाराबाजी गर्दै काठमाडौँमा ¥याली निकालेको छ । प्रदर्शनकारीले चिनियाँ राजदूतलाई फिर्ता गर, चिनियाँ बिस्तारवाद मूर्दावाद, आन्तरिक मामिलामा हस्तक्षेप बन्द गर, ऋणजाल चाहिँदैन, देश डुबाउन पाइँदैन जस्ता नारा लगाएका थिए । अभियानका केन्द्रीय संयोजक विनय यादवको नेतृत्वमा निकालिएको ¥याली बबरमहलबाट नयाँ बानेश्वर पुगेर कोणसभामा परिणत भएको थियो ।संविधानसभा सदस्य एवम अभियानका वरिष्ठ नेता विपी यादवले चीनले तिब्बत र ताइवानजस्तै नेपाललाई उपनिवेश बनाउन खोजेको आरोप लगाए । उनले नेपाल–चीन सम्बन्ध बढाउनु भन्दा पनि नेपाललाई कसरी ऋणको जालमा फसाउने भन्ने विषयमा चिनियाँ राजदूत बढी सक्रिय रहेको आरोप लगाए । चिनियाँ राजदूत सोङले नेपाललाई भारतसँगको आर्थिक सम्बन्ध घटाएर चीनसँग थप घनिष्ठ हुन सुझाव दिनु अशोभनीय रहेको बताए ।

नेता यादवले चिनियाँ राजदूतको भनाइले नेपालको आन्तरिक मामिलामा चीनले हस्तक्षेप गर्दै देशको राष्ट्रिय स्वाधीनतालाई खतरामा पारेको थपे । उनले यस विषयमा नेपाल सरकारले कडा कदम चाल्दै चिनियाँ राजदूतलाई फिर्ता पठाउन मागसमेत गरे । अभियानका महासचिव डा. प्रभात कुशवाहाले ¥यालीको उद्देश्य चिनियाँ राजदूतको विवादास्पद अभिव्यक्तिको विरोध गर्दै नेपाल सरकारलाई चीनसँगको सम्बन्ध पुनरावलोकन गर्न आग्रह गर्नु रहेको बताए । उनले नेपालले चीनको आर्थिक र राजनीतिक प्रभावबाट जोगिन र भारतसँगको परम्परागत सम्बन्धलाई बलियो बनाउनुपर्ने बताए ।र्‍यालीमा सहभागी अन्यले पनि चिनियाँ राजदूतको भनाइको निन्दा गर्दै उनलाई फिर्ता पठाउन नेपाल सरकारसँग माग गरेका थिए । उनीहरूले चीनले नेपाललाई उपनिवेश बनाउने र देशको स्वाधीनतालाई खतरामा पार्न खोजेको बताए । ¥यालीमा अभियानको महिला संयोजक रीता साह, मधेश सम्पर्क समिति काठमाडौँका संयोजक बिनोद सिंह, सल्लाहकार जयनारायण यादव, अभियानका युवा नेता धीरज गिरी, राष्ट्रिय विद्यार्थी परिषद्का महादचिव पप्पु यादव, अभियानी सुजन यादव, गणेशकुमार सिंह, चन्द्रमोहन सिंहलगायत सहभागी थिए ।

चिनियाँ राजदूत चेङ सोङले सेप्टेम्बर ३ मा सम्बोधनक्रममा नेपालले भारतसँगको आर्थिक सम्बन्ध घटाएर चीनसँग थप घनिष्ट सम्बन्ध राख्न आवश्यक रहेको बताएका थिए । उनले नेपालले भारतसँगको व्यापार घाटा भोग्दै आएको र यसको उत्पादन क्षेत्र संकुचित हुँदै गएको बताए । उनले चीनबाट नेपालले आर्थिक विकासको पाठ सिक्नुपर्ने बताए ।चेङको भनाइको नेपालमा चौतर्फी आलोचना भइरहेको छ । धेरैले उनलाई नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेको र देशको स्वाधीनतालाई खतरामा पारेको आरोप लगाए ।

# 'सनातन धर्म रक्षाको प्रतिज्ञा गरौँ'



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
दिव्य आध्यात्मिक सत्संगको अन्तिम दिन स्वामी सच्चिदानन्दजी महाराजले सनातन धर्म खतरामा परेको दोहो¥याएका छन् । पैसाको बलमा क्रिश्चियन र मुस्लिम धर्मावलम्बीले हिन्दूलाई ढाल बनाएर सनातन धर्मविरुद्ध धार्मिक सेना खडा गरिरहेको उनको भनाई छ । 'हालै तमिलनाडुमा स्टालिनका छोराले सनातनलाई डेंगु र मलेरियासँग तुलना गरेका थिए,' महाराजले भने, 'तर उनको भनाइलाई अभिव्यक्ति स्वतन्त्रता मानेर राजनीतिक दलहरुले गम्भीरतापूर्वक लिएनन् ।' मुस्लिमबारे एक शब्द बोल्न नसक्नेहरुले हिन्दू धर्मलाई खिल्ली उडाइरहेको उनको दाबी थियो । उनले बालबालिकालाई बाल्यकालदेखि नै अध्यात्म सिकाउनुपर्ने बताए । रामायण, महाभारत र गीता ग्रन्थ अध्ययन गराउनु पर्नेमा बालबालिका लवजेहादको सिकार भइरहेको बताए । बाबुआमाले बाल्यकालमा नै संस्कार दिए बच्चा गलत बाटोमा नजान उनको जिकीर थियो । महाराजले बालबालिकालाई पश्चिमी संस्कृतिबाट टाढा राख्नुपर्ने बताए । उनले वेद, गीता, रामायण, महाभारत लगायतका प्रश्नको उत्तर दिएका थिए ।



तीनदिने आध्यात्मिक सत्संग समापनमा जानकी मन्दिरका संरक्षक महन्त रामरोशनदास वैष्णव, जनकपुरधामका संरक्षक महन्त रामरोशनदास वैष्णवले दिव्य आध्यात्मिक सत्संग आयोजक समितिले जानकी मन्दिरलाई चाँदीको मूर्ति र कवचले स्वागत गरेका थिए । कार्यक्रममा सत्संग आयोजक समितिका अध्यक्ष, मनरा सिस्वा नगरपालिकाका मेयर मोहन पाण्डे, प्रमोदकुमार चौधरी, मनोजकुमार चौधरी, पवन सिंघानिया, जगदीश महासेठलगायत सन्तमुनि तथा भक्तजनको उल्लेख्य उपस्थिति थियो ।

# राजविराजमा नयाँ प्रशासकीय अधिकृत



**मधेशदृष्टि**
**सप्तरी ।**
राजविराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा विष्णुप्रसाद गुरुङ आएका छन् । सोमबार गुरुङले कार्यभार सम्हालेका छन् । गुरुङलाई कार्यबाहक मेयर इसरत परविनले स्वागत गरिन् । नगरपालिकाका सबै वडाध्यक्ष, कार्यपालिका सदस्यहरुले पनि गुरुङको स्वागत गरेका थिए । गुरुङ यसअघि पनि राजविराजसहित सप्तरीका विभिन्न स्थानीय तहमा कार्य गरिसकेका राष्ट्रसेवक हुन् ।

श्री विश्वकर्मा पुजा २०८० को शुभ अवसरमा
S S Product
माधो एग्रो
धान थ्रेसर
प्रत्येक थ्रेसरको खरिदमा
एक थान ब्रह्मपुरीको
लेबलर फ्रि




हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।
कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,४०,०००।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०२१०२०

# एक दर्जन फर्महरुमा राजस्वको छापा

**मधेशदृष्टि**
**वीरगंज ।**
राजस्व अनुसन्धान विभाग काठमाडौँको टोलीले वीरगंजका एक दर्जन व्यापारिक फर्ममा छापा मारेको छ । विभागका सूचना अधिकारी नवराज अधिकारी नेतृत्वको टोलीले गत मंगलबारदेखि शुक्रबारसम्म एक दर्जनभन्दा बढी पसल र व्यपारिक फर्ममा छापा मारेको हो । त्यसक्रममा टोलीले ती फर्मबाट खाता, कम्प्युटरको हार्डडिस्कलगायतका फाइल र सामान लिएको छ ।

हार्डवेयर एसोसिएसन वीरगंजका सचिव अनिल सर्राफका अनुसार विभागको टोलीले विभिन्न फर्ममा अनुगमनका नाममा कागजात एवम् कम्प्युटरको डेटा लगेका छन् । अनुगमन टोलीले वीरगंजको लिंकरोडस्थित निधि हार्डवेयर, जिटिसी टायल्स, बाइपास रोडको ओम हार्डवेयर, अनिल हार्डवेयर, जय माता दी आइरन, आनन्द हार्डवेयरमा छापा मारेको थियो । विभागका महानिर्देशक नवराज ढुंगानाले काठमाडौँमा नियन्त्रणमा लिएको ट्रकको सञ्चालकको बयानका आधारमा अनुगमन गरेको बताए । उनका अनुसार वीरगंजका केही फर्मले लुज बिल दिएको जानकारी आएपछि अनुसन्धान अगाडि बढाइएको हो । वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपालले आर्थिक मन्दीले मारमा परेका उद्योगी व्यवसायीलाई अनावश्यक रुपमा राजस्वले दुःख दिन थालेको प्रतिक्रिया दिए ।

# परिवर्तनको अभियानमा नेतृत्व परिवर्तन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
परिवर्तनको अभियान नेपालको नेतृत्वमा सिन्धुपाल्चोकका सरोज ढुंगाना चयन भएका छन् । दुई वर्षीय कार्यकालको नेतृत्व निर्वाह गरिसकेपछि निवर्तमान अध्यक्ष मिना शर्माले विधान अनुसार नयाँ नेतृत्वको लागि ठाउँ खाली गरिदिएपछि ढुंगानाको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो ।

अभियानको उपाध्यक्षमा राजेन्द्र सेन्चुरी, महासचिवमा कमल कँडेल, सचिवमा ममता शंकर जोशी र कोषाध्यक्षमा नविन पोखरेल चयन भएका छन् । अभियानको कार्यसमिति सदस्यमा नेहा अग्रहरी, विकास थापा, निराजन खड्का, पुजा महतो, अस्मिता श्रेष्ठ र सुरेश यादव चयन भएका छन् ।

सन् २०१८ देखि विधिवतरुपमा संस्था दर्ता गरेयता परिवर्तनको अभियानले विभिन्न एक सय तीन वटा कार्यक्रम आयोजना गर्दा तीन हजार एक सय पचास जना प्रत्यक्षरुपमा लाभान्वित भएको संस्थाका कोषाध्यक्ष पोखरेलले जानकारी दिए । खासगरी विभिन्न धर्मप्रति आस्था राख्ने र फरक भूगोलमा बसोबास गर्ने समुदायलाई अर्को धर्म र भूगोलका समुदायसँग अन्तरघुलन गराउन र एकअर्काबीच भाइचाराको सम्बन्ध विस्तार गर्दै सहअस्तित्व कायम गर्ने वातावरणलाई प्रवद्र्धन गर्न अभियानले काम गरिरहेको छ ।

परिवर्तनको अभियान, नेपाल समाज रुपान्तरणका लागि मानवीय मूल्य, मान्यता, आनिबानी तथा स्वचरित्रमा सकारात्मक परिवर्तनको पहल आफैँबाट गर्न उत्प्रेरित गर्ने एक विचारधारा हो । यो विचार प्रत्येक व्यक्ति तथा समुदायका लागि आफ्नो स्थिति तथा पृष्ठभूमिअनुसार खुला छ । यो अभियानले पवित्रता, इमान्दारिता, निस्वार्थता र करुणा मार्फत जीवन पद्धतिलाई अवलम्बन गर्न उत्प्रेरित गर्दछ ।

# 'क्रसरले राज्यलाई २८ अर्ब राजस्व तिर्छ'



**मधेशदृष्टि**
**काठमाडौँ ।**
संसदका संसदीय समितिका सभापतिहरु नदी तथा खानीबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन खुला गर्न सकारात्मक देखिएका छन् । प्रतिनिधिसभा, पूर्वाधार विकास समितिका सभापति दीपक सिंहले नदी, खोलाबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन कार्य खोल्न आवश्यक रहेको बताए । काठमाडौँमा भएको नदी र खानीजन्य पदार्थको उत्खननमा देखिएका कानुनी समस्या समाधान विषय राउण्ड टेबलमा सभापति सिंहले क्रसर उद्योग सञ्चालनमा आवश्यक ढुंगा, गिट्टी र बालुवा उत्खनन रोक्न नहुने बताए ।

उनले नेपालका नदी तथा खोलाको ढुंगा, गिट्टी र बालुवा समयमा नै उत्खनन गर्न नसके भारत धनी हुने बताए ।

उनले सरकारले कानुनी जटिलता सहज बनाएर नदी र खोलाको ढुंगा, गिट्टी र बालुवा उत्खनन गर्नसके हजारौँलाई रोजगारी र अर्बौंको राज्यलाई आम्दानी आर्जन हुने बताए । नदी र खोलाको ढुंगा, गिट्टी र बालुवा उत्खनन गर्न नदिने र क्रसर उद्योग पनि बन्द गर्ने हो भने हजारौँ मानिस विदेश जानुपर्ने अवस्था आउने उनको तर्क छ । सिंहले क्रसर तथा टिप्पर व्यवसायीले समेत देशलाई ठग्ने काम गर्न नहुने बताए ।

यस्तै, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले उद्योगी व्यवसायीलाई काम गर्न नदिएर देश विकासको गीत गाउने अधिकार प्रधानमन्त्रीलाई नभएको बताए । उनले निजी क्षेत्रलाई काम गर्न नदिए देश विकास सम्भव नभएको बताए ।

सभापति खानले विकसित मुलुकहरुमा निजी क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको भन्दै निजी क्षेत्रले राम्रो काम गरेर विकसित मुलुक बनाएको उल्लेख गरे । उनले भारत र चीनलाई हेर्दा पनि निजी क्षेत्रले गरेको काम देख्न सकिने भन्दै निजी क्षेत्रलाई काम गर्न दिन सबै मन्त्रालयका सचिव बसेर देश विकासको निम्ति एकीकृत ऐन कानुन बनाउन आवश्यक रहेको बताए । उनले क्रसर उद्योग खोल्न १३ वटा मन्त्रालय धाउनुपर्ने अवस्थाको अत्य हुनुपर्ने बताए । कार्यक्रममा अर्थ समिति सभापति सन्तोष चालिसेले एकद्वार नीति नभएसम्म क्रसर र खानीका समस्या समधान नहुने बताए ।

उनले क्रसर व्यवसायीले सरकारलाई २८ अर्ब हरेक वर्ष राजस्व तिर्ने गरेको भन्दै सरकारले कानुन बनाउन नसक्ने, क्रसर उद्योगी, टिपर उद्योगीलाई बचाउन नसक्ने एक आपसमा दोषारोपण गरेर बस्ने काम भएको उल्लेख गरे ।


# भावपूर्ण श्रद्धाञ्जलि



जन्म
२००२ भाद्र १९ गते

मृत्यु
२०८० भाद्र ११ गते
सोमबार, द्वादशी

प्रजातन्त्र, लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रका २००७ सालका अथक योद्धा, नेपाली पत्रकारिताका भीष्म पितामह, प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी, साहित्य स्रष्टा, भाषा-साहित्य, धर्म-संस्कृतिका संरक्षक, इतिहासविद, गूगल म्यान, Encyclopedia, क्रान्तिवीर अभिनन्दनीय एवं अन्तर्राष्ट्रिय बौद्धिक व्यक्तित्व **महामना राजेश्वर नेपाली** ज्यू, ८० वर्षको अल्पायुमा २०८० साल भाद्र ११ गते सोमबार स्वर्गवास हुनु भएको हुँदा दिवंगत आत्माको चीर शान्तिको कामना सहित कोटिश्च श्रद्धाञ्जलि अर्पण गर्दै शोक सन्तप्त परिवारजनलाई धैर्य धारण गर्ने शक्ति प्रदान गर्न भगवान श्री राम एवं सीतासंग करबद्ध प्रार्थना गर्दछौं ।

जयसीयाराम जय हनुमान !

**डा. उपेन्द्र साह**
डि. एच. एम. एस (अनर्स) बि. यू.
अखिल नेपाल होम्योपैथिक एसोसिएशन
जनकपुरधाम-२३, दुधमतिपुल-बेला, धनुषा, नेपाल
मोबाइल नंबर/बाट्सएप नंबर +977-9807898901
नोट:- क्यान्सर तथा अन्य असाध्य रोगको इलाज गरिन्छ ।


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन